कोहलपुर राजपत्र

खण्ड ५) कोहलपुर, श्रावण १० गते २०७८ साल, संख्या-०१

भाग-२

**कोहलपुर नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा (२)को उपदफा (१) बमोजिम कोहलपुर नगरकार्यपालिकाको नवौं नगरसभाबाट पारित भएको तल लेखिए बमोजिमको **आ.व.२०७८/०७९को वार्षिक नीति तथा कार्यक्रम** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कोहलपुर नगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

०७ असार २०७८

**उपस्थित सभाका सभासदस्यज्यूहरू,**

कोहलपुर नगरपालिकाको गरिमामय यस नवौं नगररसभामा उपस्थित नगरसभाका सभासदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक आभारसहित अभिवादन व्यक्त गर्न चाहन्छु । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना लगायत विभिन्न कालखण्डमा भएका सबै खाले निरङ्कुशता विरुद्ध तथा नागरिक अधिकार प्राप्तिको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु । ती आन्दोलनको नेतृत्व गर्नुहुने अग्रज नेताहरु तथा योगदान दिनुहुने सम्पूर्णमा उच्च सम्मान प्रकट गर्दछु ।

सङ्घीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाबाट देशमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, स्थायित्व, विकास, समृद्धि र समाजवादतर्फको जनआकाङ्क्षालाई पूरा गर्न नेपालको संविधानबमोजिम स्थापित कोहलपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैलै आफूलाई गौरवान्वित महसुस गरेको छु ।

कर्णाली, सुदूर पश्चिम र लुम्बिनी प्रदेशको मुख्य प्रवेशद्वारको रुपमा रहेको यस नगरपालिकालाई भौगोलिक, आर्थिक, पर्यटकीय, शैक्षिक, सामाजिक, औद्योगिक, व्यापारिक तथा सांस्कृतिक विविधता र संम्भावना बोकेको देशकै उदीयमान नमूना नगर रुपमा विकासित बनाउन, नगरको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यलाई विकासका हरेक आयामहरुमा समाहित गर्दै योजनाबद्ध विकासको मोडेलमा अगाडि बढाउन जरुरी रहेको छ ।

वार्षिक नीति तथा कार्यक्रममा चुनावी घोषणापत्र, नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नागरिकका मौलिक हक र दायित्व, नेपाल सरकारको पन्ध्रौं योजना तथा प्रदेश सरकारको प्रथम आवधिक योजनाका प्राथमिकताहरु, स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्थाहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गदर्शन, दिगो विकास लक्ष्य, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धि महासन्धीहरु, नगरपालिकाको प्रथम आवाधिक योजना तथा मध्यमकालीन खर्च संरचनाका प्राथमकिताहरु , आम नगरवासीका चाहाना र यहाँका सम्भावनालाई समेट्ने कोशिश गरिएको छ ।"**मानव जीवनको रक्षा, विकासको प्रमुख प्राथमिकता** " भन्ने मान्यतालाई आत्मसात् गर्दै यस वर्षको नीति तथा कार्यक्रममा कोभिड–१९ महामारीको रोकथाम, नियन्त्रण र उपचार तथा नगरवासीको जीवन रक्षालाई मुख्य प्राथमिकतामा राखिएको छ ।

गत आर्थिक वर्ष देखि विश्व महामारीको रुपमा फैलिएको कोभिड–१९ र यसबाट बाट सिर्जित असहज परिस्थिति तथा बन्दाबन्दीबाट देश पूरानै लयमा फर्कने अवस्थामा रहेको बेला पुनः कोभिड–१९को दोस्रो लहर झनै भयावह रुपमा देखा परेको छ । दोस्रो लहरको सङ्क्रमणबाट सिङ्गो देश प्रभावित हुँदा बाँके जिल्ला देशकै धेरै सङ्क्रमितहरु भएको जिल्ला हुन पुग्यो । यसको प्रभावबाट कोहलपुर नगरपालिका पनि बच्न सकेन ।बाँके जिल्लाका ८ वटा स्थानीय तहहरुमध्ये दोस्रो स्थानमा धेरै सङ्क्रमित भएको क्षेत्रमा कोहलपुर नगरपालिका रहन गयो ।एक्कासी वृद्धि भएको कोभिड–१९ को दोस्रो लहरको सङ्क्रमणबाट सङ्क्रमित बिरामीहरुको लागि अस्पतालमा बेड, अक्सिजन, आई.सी.यु., भेन्टिलेटर, पि.सि.आर.परीक्षण लगायत अन्य अत्यावसकिय स्वास्थ्य सेवाहरुको अभाव जस्ता समस्याहरुको सामना गर्नु परेको थियो ।सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाको निरन्तरको प्रयासबाट अहिले ती समस्याहरु समाधान भएका छन् । पछिल्लो समयमा नगरक्षेत्रमा सङ्क्रमणमा कमी र निको हुने दर उल्लेख्यि रुपमा वृद्धि भएको छ । कोभिड–१९ को जोखिम पूर्णरुपमा अन्त्य नभए पनि स्थिति नियन्त्रण उन्मुख हुँदैं आएको छ ।

हाम्रो तर्फबाट भएका रोकथाम, नियन्त्रण र उपचारको हरसम्भव प्रयासका बावजूद कोभिड–१९को दोस्रो लहरबाट ६४ जना नगरवासीको दुखद् मृत्यु हुन पुगेको छ ।ज्यान गुमाएका मृतकहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । सङ्क्रमित भई बिरामी परेका सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड–१९ को रोकथाम, नियन्त्रण र उपचारमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, राजनितिक दल, सङ्घीय एवं प्रदेश सांसद लगायत स्वास्थ्य मापदण्डको पालना गरी सहयोग पुर्याउनु हुने सम्पूर्ण नगरवासीहरुलाई विशेष धन्यवाद दिन चहान्छु । कोभिड–१९ को पहिलो र दोस्रो लहरले सिर्जना गरेको हाम्रो जीवन कालकै सर्वाधिक विषम परिस्थितिको सामना गर्दै नगरवासीको जीवन रक्षा गर्न र मानवीय एवं आर्थिक गतिविधिलाई गतिशील बनाउँदै पुनरुत्थान गर्न सकिन्छ भन्ने दृढ विश्वासका साथ यस कार्यमा धैर्यतापूर्वक जुट्न र साझेदारी गर्न सबै नगरवासी लगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अपिल गर्न चहान्छु ।

मैले आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुलआधार स्तम्भको रुपमा गठित पहिलो स्थानीय सरकारको प्रथम जनप्रतिनिधिका रुपमा हामीले कार्यभार सम्हालेको चार वर्ष व्यतित भएको छ । यि चार वर्षहरुको अनुभव र सिकाइका आधारमा हामीले प्राप्त गरेका मुख्य-मुख्य उपलब्धिहरु उल्लेख गर्न चहान्छु ।

१. सीमित स्रोत र जनशक्तिहरुको उच्चतम परिचालन गर्दै सङ्क्रमित नागरिकहरुको खोज, उद्धार, कन्टयाक्ट ट्रेसिङ, पिसिआर परीक्षण, २५ बेडको अस्थायी कोभिड र आइसोलेसन सेन्टर सञ्चालन, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमार्फत होम आइसोलेसनमा रहेका सङ्क्रमितहरुको नियमित स्वास्थ्य निगरानी, विषेशज्ञ डक्टर, स्वास्थ्यकर्मी र जनप्रतिनिधिहरु सहितको टोलीबाट होम भिजिट तथा स्वास्थ्य सम्बन्धी परामर्श सेवा र औषधी, शव वाहनको व्यवस्था, २४ सै घण्टा निःशुल्क एम्बुलेन्सको सुविधा, अक्सिजनको नियमित आपूर्ति लगायत अत्यावश्यकीय स्वास्थ्य सामग्रीको व्यवस्थापन गरी नगरवासीलाई कोभिड-१९ बाट सुरक्षित राख्न हरसम्भव प्रयास गरिएको छ ।

२. हामीले कोभिड–१९ को दोस्रो लहरको सङ्क्रमणको रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा गरेका उल्लेखनीय कामहरुको राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमहरुबाट प्राथमिकताका साथ प्रचार-प्रसार भएका छन् ।अन्य स्थानीय तहहरुले समेत हामीले गरेको कामलाई असल उदाहरणका रुपमा बुझेर आफ्ना पालिकाहरुमा अनुसरण गरेका छन् ।

३. यस अवधिमा १२ वडा कार्यालय, १२ आधारभूत स्वास्थ्य केन्द्र र १५ सामुदायिक विद्यालयहरुको भवन निर्माण भएका छन् ।आधारभूत तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क बनाइएको छ।शिक्षक दरबन्दी मिलान गरी नगर

अनुदानबाट थप शिक्षक पूर्ति गर्ने काम भइरेहेकै छ ।शैक्षिक गुणस्तर वृद्धिका लागि नीति निर्माण, शिक्षक क्षमता विकास, अनुदानमा बढोत्तरी लगायतका कार्यहरु गरिएका छन् । साक्षर नगरपालिका, पूर्णखोपयुक्त नगर, सहयोगापेक्षी सडक मानवमुक्त नगर घोषणा भई कार्यान्वयनमा आएको छ ।

४. सबै वडा कार्यालयहरुबाट सार्वजनिक सेवा र आधारभूत स्वास्थ्य सेवाको विस्तार भएको छ । नगरसरकारलाई व्यस्थित र कानुनी रुपमा सञ्चालन गर्न १७ वटा ऐन, नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाहरु जारी गरी सोही बमोजिम नगरपालिकाको कार्य सञ्चालन र व्यवस्थापन भएको छ ।

५. नगर विकास कोषको ६० प्रतिशत ऋण अनुदान र नगरपालिकाको ४० प्रतिशत सह–लगानीमा पश्चिम नेपालकै नमुनाको रुपमा आधुनिक लामो दूरीको बसपार्क, गोलपार्कमा आधुनिक भ्यु-टावर, हवल्दारपुर कृषि हाटबजार स्थल र दश बिगाहमा रहेको कृषि थोक बजार स्थलको पूर्वाधार स्तरोन्नती, १५बेडको आधारभूत अस्पताल, २५ बेड क्षमताको बाल अस्पताल, सिकलसेल एनिमिया ल्याब तथा परीक्षणको , थारु तथा दलित सङ्ग्रहालय, कभर्ड हल तथा खेल मैदान, कोहलपुर रिङ्गरोडको पूर्वी खण्डको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी भई ६ किमी सडक खण्ड निर्माण, एक वडा-एक सडक कालोपत्रे कार्यक्रम अन्तरगत सबै वडाको केन्द्र सम्म पुग्ने सडक कालोपत्रे, राष्ट्रिय सूचना केन्द्रको डाटा सेन्टर, डुडुवा तथा रोहणी खोलामा तटबन्धन, सबै वडाका बाटो तथा सडकहरुको स्तरोन्नतिका लागि नाली, कालोपत्रे तथा ग्राभेल लगायत नगरपालिकाको समग्र विकासमा प्रभाव पार्ने योजनाहरु निर्माण कार्यको शुरुवात र केहि सम्पन्न हुने चरणमा रहेका छन् ।

६. सार्वजनिक-निजी-साझेदारी (पी.पी.पी.) अवधारणामा आधारित भएर छाडा पशु चौपाया नियन्त्रण र फोहोर मैला प्रशोधन तथा व्यवस्थापनको कार्य गरिएको छ ।

७. साना, मझौला र व्यवसायिक कृषकहरुलाई प्राविधिक सेवा, ज्ञान, सिप, प्रविधि, सिँचाई, अनुदान, बीऊ-बीजन सहयोग गरी कृषि र को क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धिका कार्यहरु भएका छन् ।

८. **हरित नगरको** रुपमा नगरपालिकालाई विकास गर्न र नगरपालिकालाई सौन्दर्यकरण गर्न आवश्यक स्थानमा वृक्षरोपण, पुष्पवाटिका, हरित पार्क निर्माण, नगरलाई शहरी सौन्दर्यकरण गर्ने कार्यको थालनी भएको छ । नगरक्षेत्रमा डुबानको समस्या समाधानका लागि ढल तथा नालीको निर्माण गरी वातावरण संरक्षण र विपद् जोखिमबाट बचाउने प्रयास गरिएको छ ।

९. विपन्न नागरिकको सशक्तीकरण र क्षमता विकासका कामहरु, सिप विकास, आयआर्जन र उद्यमशीलता विकास, महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाति, सिमान्तकृत तथा लोपोन्मुख समुदायको उत्थान र विकास, भूमिहीन गन्धर्व समुदायका २० परिवारको लागि एकीकृत नमुना बस्ती निर्माण गरी आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको उत्थान, गरिबी निवारण र विकासमा सहयोग गरिएको छ ।

१०. नगरपालिकाको कार्यालय सङ्गठन तथा **व्यवस्थापनको अध्ययन सर्वेक्षण (O & M Survey)** गरी सोही अनुसार जनशक्ति व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाह गरिएको छ ।

११. प्रथम आवधिक योजना र मध्यम कालीन खर्च संरचना निर्माण, सार्वजनिक जग्गाको लागत सङ्कलन र संरक्षण, १६००० भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको लगत सङ्कलन, प्रविष्टि र जग्गाको नापनक्सा कार्यको थालनी लगायत मुख्य रुपमा जनतासँग प्रत्यक्ष सरोकार भएका कामहरुको सकारात्मक रुपमा थालनी हुनु हाम्रो कार्यकालका मुख्य-मुख्य उपलब्धिहरु हुन् भन्ने मेरो विश्वास रहेको छ ।

यसैगरी यि चार वर्षहरुको अनुभव र सिकाइका आधारमा हामीले अनुभूत गरेका केही मुख्य-मुख्य समस्या र चुनौतीहरुको समीक्षा गर्न जरुरी ठानेको छु ।

१. विगत वर्षहरुमा जस्तै यस वर्ष पनि हामीले सञ्चालन गर्ने योजनाहरुको प्राविधिक लागत ईस्टिमेट समयमा नै तयार नहुनु, वडास्तरमा उपभोक्ता समितिको गठन समयमा हुन नसक्नु, लाभग्राहीबाट लागत सहभागिता जुटाउन कठिनाइ हुनु, समयमा नै ठेक्का प्रबन्ध हुन नसक्नु, उपभोक्ताले आफैं काम नगरी अप्रत्यक्ष रुपमा अर्को पक्षलाई कामको जिम्मेवारी प्रदान गर्नु, समयमा गुणस्तरीय अनुगमन तथा मुल्याङ्कन हुन नसक्नु, समयमा निर्माण सामग्रीको उपलब्धता हुन नसक्नु, छनौट भएका निर्माण व्यवसायीहरुको व्यवसायिक कार्य अनुभव र क्षमताको कमी हुनु, स्थानीय दररेटभन्दा निर्माण सामग्रीको मूल्यमा भारी रुपमा वृद्धि हुनुजस्ता कारणले अधिकांश योजनाहरु निर्धारित समयमा सम्पन्न हुन नसक्नु आदी बिकास निर्माणका प्रमुख समस्याका रुपमा देखापरेका छन् ।

२. कोभिड–१९ को पहिलो र दोस्रो लहरबाट उत्पन्न विषम परिस्थितिको कारणले मानवीय र आर्थिक गतिविधि ठप्प हुनु, स्वास्थ्य सेवामा एक्कासी चाप बढनु, पूँजीगत खर्च लगायत अन्य विकास खर्चको प्रगति लक्ष्य अनुसार हुन नसक्नु, आन्तरिक राजस्व अपेक्षित रुपमा सङ्कलन हुन नसक्नु, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकममा भारी कटौती हुनु, पूँजिगत लगायत अन्य विकास खर्चको प्रगति न्यून हुनु, मानवीय क्षति हुनु, सामुदायिक तथा संस्थागत विद्यालयहरुमा पठनपाठन हुन नसकी शैक्षिक प्रणाली नै अवरुद्ध हुनु, निजी शैक्षिक संस्थाहरु बन्द हुनु, यातायात, उद्योग, कलकारखाना, व्यापार व्यवसायहरु बन्द तथा पलायन भई रोजगारीका क्षेत्र कटौती हुनु, बैङ्क तथा वित्तीय क्षेत्रहरु पूर्ण रुपमा सञ्चालन हुन नसकि वित्तीय तथा आर्थिक कारोबारमा सङ्कुचन आउनु, विकास निर्माणका बजेट रकमहरु कटौती गरी स्वास्थ्य उपचार, राहत र उद्धार जस्ता विपदजन्य अत्यावशक कार्यमा बजेट खर्च गर्नुपर्ने अवस्थाको सिर्जना भई बिकास निर्माणका लक्ष्य अनुरुपका कार्यक्रम तथा आयोजनाहरुमा अपेक्षित उपलब्धि हासिल हुन सकेन ।

३. सशर्त अनुदान,राजस्व बाँडफाँड, अन्य निकायबाट प्राप्त हुने अनुदान तथा लागत साझेदारीका योजनाहरु को बजेट समयमा नै प्राप्त नहुनु, प्रमुख प्रशासकीय अधिकृतहरुको छोटो समयमा सरुवा हुनु, कर्मचारीको पेशागत मर्यादा र सुरक्षा अवभावका कार्यसम्पादनमा जटिलता सिर्जना हुनु, बिकास निर्माणका आयोजना तथा कार्यक्रमहरुमा जन प्रतिनिधिहरु विच मतऐक्यता नहुनु, नगरपालिकाले सम्पादन गर्ने साधारण तथा विकास निर्माणका कार्यहरुप्रति सवै जनप्रतिनिधि बाट साझा स्वामित्व ग्रहन हुन नसक्नु, संघीय, प्रदेश तथा स्थानीय तहका साझा अधिकार सूचीका विषयमा पर्याप्त कानूनहरु जारी नहुनु, थुप्रै किसमका नीतिगत तथा कानूनी जटिलताहरु कायमै रहनु आदि लगायतका अनेकौं नीतिगत तथा प्रशासनिक जटिलता जस्ता समस्याहरु रहेका छन्।

हामीले भोगेका उक्त समस्या र चुनौतीहरुलाई आगामी आर्थिक वर्षमा सम्बोधन गर्दै विकास निर्माणका कामहरुलाई दिगो प्रतिफल दिने गरी निर्धारित समयमै पूरा गर्नका लागि सबै तह र तप्काको सकरात्मक भूमिकाको अपेक्षा गरेको छु । कोभिडपछिको सामाजिक तथा आर्थिक गतिविधिलाई चलायमान र पुनरुत्थान गरी नगरको अर्थतन्त्रलाई गतिशील बनाउन नेपाल सरकार, प्रदेश सरकार, सरोकारवाला पक्ष र सबैलाई आवश्यक साझेदारी, सहकार्य र सहजीकरण गर्नका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभासदस्यज्यूहरू,**

अब म यस नगरपालिकाले आ.व.२०७८/०७९ मा अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**१. कोभिड–१९ सङ्क्रमण व्यवस्थापन सम्बन्धी नीतिः**

१.१ कोभिड–१९ को दोस्रो लहर तथा भावी दिनमा आउन सक्ने सम्भावित तेस्रो लहर लगायत अन्य महामारीको रोकथाम, नियन्त्रण, उपचार र खोपको भरपर्दो व्यवस्था गरी सबै नगरवासीको जीवन रक्षा

गरिनेछ । स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पूर्वाधार, औषधी, स्वास्थ्य उपकरणहरु र जनशक्तिको प्रयाप्त मात्रामा व्यवस्थापन गर्दै लगिनेछ ।

१.२ कोभिड–१९ को सङ्क्रमण र जोखिम नियन्त्रण गर्न सङ्घीय र प्रदेश सरकारसँगको समन्वय गरी निःशुल्क औषधी उपचारको आवश्यक प्रबन्ध गरिनेछ । नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुर र भेरी अस्पताल नेपालगन्जमा बिरामीहरुको उपचारका लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

१.३ कोभिड–१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि अग्रभागमा खटिने स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री र उपकरणहरुको पर्याप्त मात्रामा आपूर्ति तथा व्यवस्थापन गरिनेछ । उद्धार, शव व्यवस्थापन, राहत तथा पुर्नस्थापना र नागरिक संचेतनाका कार्यहरु गरिनेछ । कोभिड–१९ बाट मृत्यु भएका नगरवासीका आश्रित परिवारलाई प्रति परिवार रु. ५०,०००।- (अक्षरेपी पचास हजार) राहत सहयोग उपलब्ध गराइनेछ ।

१.४ कोभिड–१९ बाट सङ्क्रमित भई होम आइसोलेसनमा बस्ने बिरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, परामर्श तथा उपचारको लागि घुम्ती सेवा, कल सेन्टर, मनोसामाजिक परामर्श, आपतकालीन उपचार र अक्सिजन सर्पोट लगायतका सेवा निःशुल्क रुपमा उपलब्ध गराइनेछ । क्वारेन्टिन, आइसोलेसन सेन्टर तथा कोभिड अस्थायी अस्पतालमा रहेका बिरामीलाई पोषणयुक्त खानाको व्यवस्था गरिनेछ । कुनै पनि नगरवासीलाई उपचार सेवाको अभावमा मृत्यु हुनुपर्ने अवस्थाको सिर्जना हुन दिइने छैन ।

१.५ कोभिड–१९को रोकथाम, नियन्त्रण र उपचारका लागि अग्रभागमा खटिने स्वास्थ्यकर्मी, सफाइकर्मी, प्रयोगशालामा काम गर्ने कर्मचारी, शव-वाहन चालक लगायत प्रत्यक्ष रुपमा खटिने जनशक्तिलाई नेपाल सरकारले तोके बमोजिमको जोखिम भत्ता लगायतका सुविधा उपलब्ध गराइनेछ । स्वास्थ्यकर्मीलाई पूर्ण रुपमा सुरक्षाको व्यवस्था मिलाइनेछ ।

**२. शिक्षा नीतिः**

२.१ शिक्षा क्षेत्रमा भएका उल्लेखनीय कार्यहरुलाई निरन्तरता दिँदै आवश्यकतानुसार शिक्षा सम्बन्धी नीति, ऐन, नियम, शैक्षिक योजना र कार्यविधिहरु निर्माण र अद्यावधिक गरिनेछ । विद्यालय स्थापना, कक्षा थप, स्थानान्तरण, नामाकरण, वर्गीकरण र विद्यालय गाभ्ने नीतिलाई थप व्यवस्थित गरिनेछ । मेगा विद्यालय तथा ठूला विद्यालयको अवधारणा सहितको **शैक्षिक हब विकास - बृहत् गुरुयोजना** निर्माण गरिनेछ ।

२.२ अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा नीतिलाई माध्यमिक तहसम्म क्रमश निरन्तरता दिइनेछ । विद्यालय शिक्षामा ल्याउने, टिकाउने र सिकाउने कार्यक्रम सञ्चालन गरिनेछ । बाल विकास र कक्षा १ मा शत प्रतिशत विद्यार्थी भर्ना गरिनेछ । **"एक वडा - एक नमुना बालविकास केन्द्र"** अभियान सञ्चालन गरिनेछ । बालविकास केन्द्रहरुको समायोजन र स्तरोन्नति र बालविकास केन्द्रका शिक्षकहरुको क्षमता विकास गरिनेछ । नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक उपलब्ध गराउने नीति लिइनेछ ।

२.३ बालिकाहरुका लागि जीवनोपयोगी सिप शिक्षा, शैक्षिक मेन्टरिङ, परीक्षा नतिजा सुधारका लागि मक टेस्ट र विपन्न बालिकाहरुलाई शैक्षिक सामग्री तथा विद्यालय शुल्क सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचानका कार्यक्रमहरुलाई समावेशी र तहगत रुपमा सञ्चालन गरिनेछ ।

२.४ उत्कृष्ट नतिजा ल्याएका विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुबाट अन्य विद्यालयहरुमा अनुभव आदान प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। कोहलपुरको शैक्षिक विकासका लागि प्रतिवेदन पेस गर्न शैक्षिक सरोकारवालाहरु (जनप्रतिनिधि, विव्यस, शिअसं, प्रअ, शिक्षक, शिक्षक पेसागत घटक तथा संस्थागत विद्यालय छाता सङ्गठनका प्रतिनिधि, स्थानीय शैक्षिक संस्था तथा प्राविधिक शिक्षालयका प्रमुख, गैसस,

बुद्धिजीवी र विद्यार्थी नेता) लाई देशका चर्चित केही विद्यालय तथा प्राविधिक धारका विद्यालयहरुको अवलोकन भ्रमण गराइनेछ।

२.५ सबै विद्यालयहरुमा पानीसहितको शौचालय, परिवर्तन गृह, प्राथमिक उपचार तथा आराम कक्ष, शुद्ध र तातो-चिसो खानेपानी, विपद् व्यवस्थापन र आकस्मिक स्वास्थ्य सुरक्षा उपचार कक्ष र आधारभूत स्रोतसाधनहरुको व्यवस्था गरिनेछ।

२.६ सामुदायिक सिकाइ केन्द्रलाई समुदायमा स्थापना गरी क्रियाशील बनाइनेछ। साक्षर जनसङ्ख्या वृद्धि गर्न वडा शिक्षा समितिहरुलाई जिम्मेवार बनाइनेछ ।

२.७ साविकको स्रोतकेन्द्रलाई शिक्षक केन्द्रका रुपमा विकास गर्दै लगिनेछ। विगत दुई वर्षदेखि सञ्चालनमा रहेका ५ वटा विषयगत सिकाइ केन्द्रहरुमा पेसागत विकासका कार्यक्रमहरु थप गरिनेछ ।

२.८ कोहलपुर माध्यमिक विद्यालयलाई नगर विद्यालय (municipal school) को रुपमा स्वामित्व लिन कार्यविधिका आधारमा आवश्यक कार्य प्रारम्भ गरिनेछ ।

२.९ अपाङ्गता भएका बालबालिका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई विद्यालय शिक्षामा निरन्तर पहुँच प्रदान गर्नका लागि समावेशी शिक्षा नीति जारी गरी कार्यान्वयनमा ल्याइनेछ। अपाङ्गता भएका विद्यार्थीहरुलाई आवश्यकताका आधारमा सहायक सामग्री र स्रोत सामग्रीहरु वितरण गरिनेछ । अपाङ्गता विद्यार्थी लेखाजोखा केन्द्रलाई सङ्गठनात्मक रुपमा सुदृढीकरण गरिनेछ ।

२.१० **"सूचना प्रविधियुक्त शिक्षकसँग मेयर"** कार्यमक्रम लागू गरिनेछ । सबै सामुदायिक विद्यालय र शिक्षकलाई वैकल्पिक माध्यमको शिक्षाका लागि आवश्यक पर्ने आइसिटी उपकरण, इन्टरनेट सेवा र सूचना प्रविधिका उपकरण (जस्तै ल्यापटप, आइप्याड, ट्याबलेट, मनिटर डिस्प्ले) हरु उपलब्ध गराइनेछ । क्रमश सबै शिक्षक र विद्यालय कर्मचारीलाई सूचना प्रविधिका उपकरण प्रयोग गर्ने क्षमता विकास गरिने छ । वैकल्पिक माध्यमबाट शिक्षणको सुधारका लागि सबै ५ वटा विषयगत सिकाइ केन्द्रहरुबाट एक-एक वटा विषयगत क्रियात्मक अनुसन्धानहरु गरिने छ ।

२.११ संस्थागत विद्यालयको स्थानीय छाता सङ्गठनमार्फत् अतिरिक्त क्रियाकलाप र शिक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । निजीक्षेत्रहरुसँग सहकार्य गरी नगरस्तरीय बहुविषयक प्रयोगशाला तथा म्युजियम निर्माणका लागि गुरु योजना निर्माण गरिने छ ।

२.१२ **"विपन्न बालबालिकासँग उपमेयर"** कार्यक्रममार्फत् विपन्न र बेरोजगार अभिभावकहरुमध्येबाट नगरपालिकाको कोटामा हरेक वर्ष एक बालक र एक बालिकालाई प्रत्येक संस्थागत विद्यालयमा निशुल्क पढन पाउने व्यवस्था गरिने छ।

२.१३ **"एक डाक्टर, एक नर्स"** कार्यक्रममार्फत् सामुदायिक विद्यालयबाट १२ कक्षा पूरा गरेका विद्यार्थीहरुका लागि कोहलपुरस्थित नेपालगन्ज मेडिकल कलेजबाट एम.बी.बी.एस. डाक्टर तथा महिला नर्सका लागि ५०% छात्रवृत्ति अनुदानमा पढन पाउने व्यवस्थाका लागि सञ्चालन गरिने छ ।

२.१४ एम.फिल./ पी.एच.डी. तहमा **"सूचना तथा प्रविधिमा आधारित विद्यालय शिक्षा"** विषय शीर्षकमा प्राज्ञिक अनुसन्धान (Research) गर्ने एक जना महिला तथा एक जना पुरुष शिक्षकलाई छात्रवृत्ति रकम प्रदान गरिने छ ।

२.१५ फूलबारी र फलफूलयुक्त बगैंचा, हरित तथा सफा सुग्घर विद्यालयका लागि **"नगर हरित विद्यालय"** कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयको वार्षिक उत्सवको अवसरमा विद्यालय, बाटो किनार तथा आसपासका खुला सार्वजनिक स्थलहरुमा वृक्षरोपण गर्न प्रोत्साहन गरिने छ ।

२.१६ संस्थागत विद्यालयका संस्थापकहरुसँग समन्वय गरी संस्थागत विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको शैक्षिक योग्यता, कार्यरत तह र जिम्मेवारीका आधारमा न्यूनतम पारिश्रमिक निर्धारण गरी एकरुपता कायम गरिनेछ । नगर अनुदानमा नियुक्त शिक्षकलाई सरकारी तलब स्केल बमोजिम तलब र पोसाकभत्ता दिइनेछ ।

२.१७ बालविकास, आधारभूत र माध्यमिक तहका उत्कृष्ट विद्यालयलाई नगरपालिकाबाट सम्मान गरिनेछ । विद्यालय विकासमा निर्वाह गरेको भूमिकका आधारमा सामुदायिक विद्यालयका एक जना प्रधानाध्यापकलाई पुरस्कृत गरिनेछ ।

२.१८ विद्यालयमा निजीस्रोतमा कार्यरत शिक्षकहरुको समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन पेस गर्न एक कार्यदलको गठन गरिनेछ ।

२.१९ आधारभूत र माध्यमिक तहमा "**एक विद्यालय-एक खेलकुद शिक्षक**" र "**एक विद्यालय-एक स्वास्थ्य कर्मी**"को व्यवस्था गरिनेछ ।

२.२० संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको न्यूनतम तलब तथा पारिश्रमिक प्रचलित श्रम ऐन बमोजिम लागू गरिनेछ । हाल सञ्चालनमा रहेका पूर्व प्राथमिक तहका संस्थागत विद्यालयहरुलाई शिशु हेरचाह केन्द्रका रुपमा परिणत गरी पूर्ण रुपले बालमैत्री बनाइनेछ । संस्थागत विद्यालयका संस्थापक, शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई समेत पेसागत क्षमता विकासका अवसरहरुमा समावेश गरिनेछ ।

**३. युवा तथा खेलकुद् नीति :**

३.१ स्वस्थ, शिक्षित, समावेशी, सुसंस्कृत र सभ्य समाजको सिर्जनाका लागि नगरक्षेत्रमा रहेका सबै वर्गका युवाको सन्तुलित विकासको नीति लिइनेछ ।

३.२ कभर्ड हल, खेलकुद मैदान, क्रिकेट मैदान लगायत अन्य खेलकूद पूर्वाधारहरुको निर्माण गरिनेछ । नगर खेलकुद विकास समितिमार्फत् मेयरकप खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङसिल्ड छनौट प्रतियोगिता, उपमेयर कप महिला क्रिकेट लगायत स्थानीय खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।

३.३ विज्ञान, खेलकुद, भाषा, साहित्य कला र सङ्गीतको विकासमा योगदान पुरयाउने युवावर्गलाई सम्मान गरिनेछ र थप रचनात्मक कार्यहरु गर्नका लागि प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।

३.४ युवाहरुको क्षमता अभिवृद्धि गरी अनुशासित, उद्यमशिल र नैतिकवान् बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा युवाको सार्थक सहभागिताका लागि युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । उच्च सिपको आवश्यकता भएका तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सीपलाई प्रयोग गरी स्थानीय स्तरमा नै स्वरोजगारका अवसरहरु सिर्जना गरिनेछ ।

३.५ नगर क्षेत्रका पाँच वर्षदेखि पच्चिस वर्ष उमेर समूहका सबै विद्यार्थीहरुलाई स्काउटमा समाहित गरी अनुशासित, स्वावलम्बी र स्वंयसेवीभावको भावना जागृत गराई नगरको विकासमा अग्रसर बनाइनेछ ।

३.६ युवा तथा साना व्यवसायी स्वरोजगार कोष, बीऊ-पूँजी कोष, सहुलियतपूर्ण कर्जा लगायत अन्य कर्जा लिन सक्ने प्राविधिक र व्यावसायिक सीप प्रदान गरी "**एक घर - एक रोजगार**" को नीतिलाई पूरा गर्न युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

३.७ "**लागू औषध दूर्व्यसनीमुक्त हाम्रो रहर, शान्ति र सद्भावयुक्त कोहलपुर नगर**" भन्ने नारा सहित लागू औषध दूर्व्यसनी विरुद्धको अभियान सञ्चालन गरिनेछ । युवा सक्रियताका लागि वडास्तरीय युवा क्लबहरु र नगरस्तरीय युवा सञ्जाल गठन गरी नमूना युवा संसदको अभ्यास गरिनेछ ।

### ४. महिला, बालबालिका तथा जेष्ठ नागरिक नीति :

४.१ विद्यालयमा भर्ना हुन आउने तथा माथिल्लो कक्षा चढेका सबै बालबालिकाहरुको कार्यगत सीमितताको लेखाजोखा गरिनेछ । सबै विद्यालयहरुबाट बालसंरक्षण नीति जारी गरिनेछ । बालमैत्री र बालविवाह मुक्त नगर घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४.२ महिलाले नेतृत्व गरेका सहकारीहरुको संस्थागत विकास तथा नेतृत्व क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी महिलाको आर्थिक सशक्तीकरणमा योगदान पुरयाइनेछ ।

४.३ बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालय स्तरमा बालक्लब, इकोक्लब, बाल सञ्जाल, किशोरी क्लबहरुको स्थापना, गठन तथा परिचालन गरिनेछ ।किशोरीहरुको आत्मबल बढाउन र सुरक्षा क्षमता वृद्धि गनर्न आत्मरक्षा तालिम सञ्चालन गरिनेछ ।

४.४ **"नगर प्रमुख छात्रवृत्ति कार्यक्रम"** मार्फत् मुस्लिम, बादी, गन्धर्व, खटिक, चिडिमार, राजी लगायत सिमान्तकृत र लोपोन्मूख समुदायका बालबालिकाहरुलाई आधारभूत तहसम्म शिक्षाको पहुँच अभिवृद्धि गरिनेछ । यी समुदायमा हुने बालविवाह, बीचमा विद्यालय छोडने (school drop out) दरमा कमी ल्याउन अभिवावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

४.५ महिला तथा बालबालिकामाथि गरिने सबै प्रकारका भेदभाव, हिंसा, दाइजो प्रथा, बालविवाह, चेलीबेटी बेचविखन जस्ता कुरीतिहरुको अन्त्य गर्न सामाजिक जागरण, सशक्तीकरण र कानुनी शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ । हिंसा पीडित महिला तथा बालबालिकाहरुको रक्षा र अल्पकालिन तथा दिर्घकालिन पुनर्स्थापना तथा उद्धारको कार्यमा सामाजिक सङ्घ/संस्थाहरुको साझेदारी र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।महिला, बालबालिका तथा जेष्ठ नागरिकविरुद्ध हुने सबै खालका हिंसाहरुको अन्त्यका लागि एक लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरी सञ्चालन गरिनेछ । इलाका प्रहरी कार्यालय कोहलपुरमा महिला बन्दी गृह र पीडित पुनर्स्थापना गृह निर्माणका लागि पहल गरिनेछ ।

४.६ सामुदायिक सचेतना जगाउन कोभिड-१९ जस्ता महामारी ल्याउने सङ्क्रामक रोगको रोकथामका उपाय सम्बन्धी सतेचीकरण शिक्षा, वित्तीय साक्षरता, निरन्तर शिक्षा, मतदाता शिक्षा, अभिभावक शिक्षा, पोषण शिक्षा, सडक सुरक्षा शिक्षा विषयमा सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरिनेछ ।

४.७ बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिला तथा जेष्ठ नागरिक लगायत अन्य लक्षित वर्गसम्बन्धी गरिएका सन्धि, महासन्धिहरुको पालना गर्दै राष्ट्रिय र अन्तरराष्ट्रिय दिवसहरुलाई प्रभावकारी रुपमा मनाइनेछ ।

४.८ जेष्ठ नागरिक, विपन्न वर्ग र गर्भवतीहरुका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ ।जेष्ठ नागरिकहरुका लागि टोलटोलमा विश्राम चौतारीहरुको निर्माण र निशुल्क स्वास्थ्य परीक्षण गरिनेछ । सामाजिक सुरक्षा भत्ताको दायरामा नपरेका ६५ वर्ष उमेर पुगेका सबै जेष्ठ नागरिकहरुका लागि वार्षिक रु.२,४००/- र **ग वर्गका** अपाङ्गता भएका ब्यक्ती सबैलाई **"नगर प्रमुख सामाजिक सुरक्षा कार्यक्रम"** मार्फत् सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने छ ।नगर माता र नगर पीताको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४.९ असाध्य रोगबाट पीडित असाहय, अपाङ्गता भएका व्यक्ति, अति विपन्न वर्गका नागरिकहरुलाई औषधी उपचारका लागि आवश्यक सहयोग गरिनेछ ।

४.१० एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अति विपन्न तथा जोखिममा रहेका वर्गको नगरपालिका स्तरीय सञ्जाल/समिति गठन गरी क्रियाशील बनाइनेछ।

**५. दलित, अपाङ्ग, आदिवासी जनजाति तथा अन्य विपन्न वर्ग नीति :**

५.१ अपाङ्गता भएका व्यक्ति, दलित, लोपोन्मुख आदिवासी जनजाति तथा अति विपन्न वर्गको सामाजिक परिचालन र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ। साथै आयआर्जनका अवसर वृद्धि गर्न उद्यमशिलता तथा सीप विकास सम्बन्धी तालिम सञ्चालन, प्रविधि हस्तान्तरण र टेवा कार्यक्रम सञ्चालन गरिनेछ।

५.२ नगरपालिकामार्फत् गठन हुने समिति, उपसमिति, तथा कार्यदललाई लैङ्गिक तथा सामाजिक समावेशी बनाइनेछ। समाजमा हुने सबै प्रकारका विभेदको अन्त्यका लागि आवश्यक कार्य गरिनेछ।

५.३ मानवीय मूल्य र मान्यतालाई आत्मसात गर्दै मानव सभ्यता र संस्कृतिहरुको प्रबर्द्धन गरी सरल जीवन शैली पद्धतिका धरातलमा **"मानवताको शहर, कोहलपुर नगर"** बनाउन विभिन्न सचेतीकरण तथा प्रबोधीकरणका कार्यक्रमहरुलाई अभियानकै रुपमा निरन्तरता प्रदान गरिनेछ ।

५.४ विपन्न, अपाङ्ग, जनयुद्ध, द्धन्दपीडित सुरक्षाकर्मी तथा जनआन्दोलनका घाइतेहरुको स्वास्थ्य बीमा र औषधी उपचारमा सहयोग गरिनेछ ।

**६. भाषा, साहित्य र ललित कला नीति :**

६.१ स्थानीय भाषा, लिपि, भाका, गीत, नृत्य, वाद्यवादन, भेषभूषा, कला, उत्सव, चाडवाड, संस्कृति आदिजस्ता सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र व्यावसायीकरण गरिनेछ । तिनको संरक्षण, प्रबर्द्धन तथा उपयोगबारे स्थानीय ज्ञान निर्माण र अध्ययन अनुसन्धान गर्नका लागि साहित्य प्रतिष्ठान, स्थानीय पुस्तकालय, कला सांस्कृतिक केन्द्र, कलेज, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ ।

६.२ स्थानीय सांस्कृतिक सम्पदाका बारेमा भिडियो, फिल्म तथा डकुमेन्ट्रीहरु निर्माण र विश्वव्यापीकरण गर्न पहल गरिनेछ। परम्परागत उद्योग, कला र सिल्पी पेशालाई नयाँ प्रविधि उपयोग गरी आधुनिक र व्यावसायिक बनाइनेछ ।

६.३ थारु तथा दलित सङ्ग्रहालयको भौतिक स्तरोन्नति गर्दै सो समुदायसँग सम्बन्धीत पेसा, कला, संस्कृति र भेषभूषाको सङ्ग्रह गरिनेछ । स्थानीय जातिसमुदायसँग सम्बन्धित कला संस्कृतिलाई होम-स्टे, दृश्यावलोकन आदि जस्ता पर्यटनका गतिविधिहरुसँग आबद्ध गरिनेछ ।

**७. आधारभूत स्वास्थ्य सेवा नीति :**

७.१ वडास्तरीय आधारभूत स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, स्वास्थ्य सेवा विस्तार र गुणस्तर अभिवृद्धि गरिनेछ ।५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको वृद्धि अनुगमन गरी पोषण स्थितिमा सुधार ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । **"खाद्य सुरक्षा तथा पोषण रणनैतिक योजना"** निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

७.२ आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास र सुविधामा सुधार गरी सामुदायिक स्वास्थ्यलाई प्रभावकारी बनाइनेछ । महिला स्वास्थ्य स्वंय सेविकालाई दिँइदै आएको मासिक यातायात तथा चाडपर्व खर्चलाई निरन्तरता प्रदान गरिनेछ ।

७.३ स्वास्थ्य सामग्री, औषधी तथा उपकरणहरुको खरिद कार्यलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय मापदण्ड निर्माण गरी कार्यान्वयमा ल्याइनेछ ।

७.४ आगामी श्रावण महिना देखि जनशक्ति र पुर्वाधारको व्यवस्थापन गरी १५ शैय्याको आधारभूत अस्पतालबाट ओपिडी सेवा सञ्चालन गरिनेछ। अस्पतालबाट गरिबीको रेखामुनि रहेका नगरबासीलाई

निःशुल्क उपचार गरिनेछ ।आवश्यक पुर्वाधार र जनशक्ती सहित रझेना र समशेरगन्ज स्वास्थ्य चौकीको स्तरोन्नति र नियमित स्वास्थ्य शिविर संचालन गरीनेछ ।

७.५ नगरपालिका क्षेत्रभित्र यसै वर्ष देखि सर्पदंश र रेबिज रोग उपचार केन्द्र स्थापना गरि संचालन गरिनेछ ।

७.६ आयुर्वेदिक औषधालयबाट हुने उपचार सेवालाई प्रभावकारी बनाउँदै आयुर्वेदिक औषधीहरुको उत्पादन क्षमता बढाइनेछ र वितरण कार्यलाई सरल बनाइनेछ । परम्परागत प्राकृतिक चिकित्सा, योग लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिहरुको आधारभूत, विशेषज्ञ तथा विशिष्टीकृत सेवा उपलब्ध गराइनेछ । प्राकृतिक, होमियोप्याथिक र अन्य वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ ।

७.७ नसर्ने रोग व्यवस्थापनको लागि जनसमुदायमा व्यवहार परिवर्तन बारेमा सचेतना कार्यक्रम सञ्चलन गरिनेछ । स्थानीय जडिबुटीमा आधारित उपचार सेवालाई प्रबर्द्धन गरिनेछ । यस क्षेत्रमा भएका तुलसी, बेसार, निम, एलोभेरा, अमला, गुर्जो लगायतका प्राकृतिक जडिबुटीहरुको प्रयोग र व्यावसायिक खेतीका लागि आवश्यक कार्य गरिनेछ ।

७.८ स्वास्थ्य संस्थाबाट हुने सेवाप्रवाहको अनुगमन तथा सुपरीवेक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ । सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टरको विस्तार गरी प्रसुति सेवालाई सरल र सहज बनाइनेछ ।

७.९ गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुको भौतिक पूर्वाधारको स्तोन्नति गरिनेछ। स्वास्थ्य सम्बन्धी पूर्वाधारहरुलाई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मैत्री बनाइनेछ ।

**८. खानेपानी तथा सरसफाई नीति :**

८.१ खानेपानी, सिंचाइ, विद्युत र भू तथा जलाधार संरक्षणको रणनीति र कार्यक्रमको गुरुयोजना तयार गरिनेछ ।खानेपानी सेवा सुविधालाई जनस्वास्थ्य तथा पूर्ण सरसफाइ कार्यक्रमसँग एकीकृत गरी सञ्चालन गरिनेछ।

८.२ स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानी गुणस्तर परीक्षण लागि आवश्यक प्रबन्ध मिलाइनेछ । विराट, रझेना र शमशेरगन्ज खानेपानी आयोजनाबाट पानी वितरणको थालनी गर्न आवश्यक पहल गरिनेछ । केराबारी खानेपानी आयोजना निर्माणको निरन्तरता सहित कोहलपुर खानेपानी आयोजनाको सुदृढीकरणका लागि आवश्यक काम गरिनेछ ।

८.३ लुम्बिनी प्रदेश सरकारको **"एक घर - एक धारा"** कार्यक्रममार्फत् ग्रामीणस्तरमा खानेपानी सुविधा विस्तार गरिनेछ ।भविष्यमा हुन सक्ने भूमिगत खानेपानी स्रोतको कमीलाई पूरा गर्न वैकल्पिक स्रोतको पहिचान गर्न सम्भाव्यता अध्ययन गरिनेछ । सुख्खा क्षेत्रमा कृत्रिम पोखरी निर्माण गरी कृषि, उद्योग, कलकारखाना आदि प्रयोजनका लागि आवश्यक पर्ने पानीको आपूर्तिलाई सहज बनाइनेछ ।

८.४ टोल विकास तथा सामुदायिक संस्था परिचालन गरी घरगाउँ सरसफाइ र फोहोर मैला व्यवस्थापन गरिनेछ ।घर र संस्थागत तबरबाट निस्कने फोहोरको स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गर्ने प्रणालीको विकास गरिनेछ ।

८.५ सार्वजनिक निजी साझेदारी (पी.पी.पी.) अवधारणामा जटायु रिसाइकल प्रा.लि. मार्फत् गरिएको फोहोर मैला प्रशोधन र व्यवस्थापनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । फोहोरमैला व्यवस्थापनामा थ्री-आर विधि ( रिसाइकल, रिड्युस र रियुज ) नीति अवलम्बन गरिनेछ । स्वच्छ तथा सरसफाइ सम्बन्धी सचेतनामूलक सामग्रीको नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ । घरपरिवार र टोल सरसफाइ कार्यलाई नियमित अभियानको रुपमा सञ्चालन गरिनेछ ।

८.६ स्वास्थ्य आहार बिहार र पूर्ण सरसफाइका लागि व्यक्तिगत बानी र व्यवहार परिवर्तन सम्बन्धी सचेतीकरण गरिनेछ । कागज, कपडा र जुटका सामग्रीको प्रयोगलाई प्रबर्द्धन गरी प्लास्टिकजन्य सामग्रीको प्रयोगलाई क्रमश विस्थापन गर्दै लगिने नीति लिइनेछ ।

८.७ स्थानीय तह, प्रदेश सरकार, नेपाल सरकार, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुको सह–लगानीमा आधुनिक र व्यवस्थित बधशाला निर्माणको कार्य गरिनेछ । मासुजन्य खाद्य पदार्थको स्वच्छता कायम गर्न पशु बधस्थल, भण्डारण, ढुवानी र बिक्री कक्षलाई व्यवस्थित गरिनेछ ।

## ९. सूचना तथा सञ्चार नीति :

९.१ **"विकासका लागि सञ्चार"** भन्ने मान्यतालाई आत्मसात् गर्दै नगरक्षेत्रमा रहेका सञ्चार गृहको विकास र प्रबर्द्धनका लागि समावेशी विज्ञापन प्रणाली लागू गरिनेछ । नगर स्तरीय सञ्चार ग्रामको पूर्वाधार निर्माणमा सहयोग गरिनेछ ।

९.२ स्थानीय सञ्चारकर्मीहरुको क्षमता विकासका लागि तालिम, गोष्टी, लेखनवृत्ति तथा अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ । उत्कृष्ट स्थानीय सञ्चारकर्मीहरुलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

९.३ नगरपालिकाले गर्ने मूल्याङ्कन तथा अनुगमन लगायत अन्य गतिविधिहरुमा पत्रकार महासङ्घको संस्थागत सहभागिताका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ। नगरपालिकाले गरेका गतिविधिहरुलाई आम जनसमक्ष ल्याउन **"जनतासँग जनप्रतिनिधि"** कार्यक्रम र बुलेटिन प्रकाशन गरिनेछ ।

९.४ स्थानीय पत्रकारहरुको सुरक्षाका लागि दुर्घटना बीमा र पेसागत दक्षता अभिवृद्धिका लागि विकास पत्रकारिता लेखनवृत्ति लगायतका अवसरहरु प्रदान गरिनेछ ।

## १०. कृषि तथा पशुपन्छी विकास नीति :

१०.१ कृषि विकास, सेवा तथा बजार व्यवस्थापनसम्बन्धी नीति, कानून निर्देशिका, कार्यविधि र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । व्यावसायिक कृषि विकासका लागि दीर्घकालीन कृषि गुरुयोजना तयार गरी कार्यान्वयन मा ल्याइनेछ ।

१०.२ **"किसानको मान, कोहलपुरको पहिचान"** भन्ने नारासहित कृषि कार्यमा संलग्न उत्कृष्ट कृषक/ कृषि उद्यमी,/कृषिसहकारी/समूहलाई"नगर प्रमुख उत्कृष्ट-कृषक/कृषि उद्यमी/कृषि सहकारी/ समुह" पुरस्कारले पुरष्कृत गरिनेछ। सङ्घीय सरकारबाट शुरु गरिएको किसान सूचीकरणको अभियान प्रदेश सरकारको सहकार्य/समन्वयमा सम्पन्न गरी कृषि क्षेत्रको तथ्याङ्क अद्यावधिक गरिनेछ ।

१०.३ साना, मझौला र व्यवसायिक किसानलाई लाभ पुग्ने गरी कृषि तथा पशुपन्छीसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । कृषक, कृषि-उद्यमी, कृषक-समूह र कृषि सहकारीलाई उत्पादनमा आधारित अनुदान प्रदान गरिनेछ । दुधमा प्रतिलिटर रु. १।- र खसी बाख्राको सामूहिक बजारीकरणमा प्रति केजी रु. १०।- का दरले उत्पादनमा आधारित अनुदान प्रदान गरिनेछ ।

१०.४ **"घर-घरमा महिला कृषक उद्यमी, आउनेछ घरमा शान्ति र समृद्धि"** भन्ने नाराका साथ महिलाकृषक र सहकारी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा कृषि तथा पशु उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ । वनजङ्गलसँग जोडिएका वडा नं. १, २, ७, ८, १०, १२, १३ र १४ लाई बाख्राको पकेट क्षेत्रको रुपमा विकास र विस्तार गरिनेछ । प्रदेश सरकारसँगको साझेदारीमा वडा नं. ८ लाई बोयर जातका बाख्राको स्रोतकेन्द्रको रुपमा विकास गरिनेछ ।

१०.५ सिक्टा नहरको सिंचाइ क्षेत्रभित्र पर्ने वडा नं ४, ६, ७, ९, १४ र १५ लाई खाद्यान्न पकेट क्षेत्रको रुपमा विकास गर्न हिउँदे धान र मकैखेती कार्यक्रम सञ्चालन गरी नगरलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन पहल

गरिनेछ । नगरमा केरा, आँप, मेवा र लिची लगायतका फलफूत खेती गर्न प्राविधिक सेवा, बेर्ना, सिंचाइ, जग्गाको घेराबार र जग्गा भाडामा ६० प्रतिशत अनुदान प्रदान गरी फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ । वडागत माग र आवश्यकताका आधारमा फलफूल खेती तथा नगदे बालीको पकेट क्षेत्रको रुपमा विकास र विस्तार गरिनेछ ।

१०.६ कृषियोग्य भूमिको वर्गीकरण एवं माटोको परीक्षण गरी भौगोलिक एवं मौसमी अनुकूलताको आधारमा बाली लगाउन प्रोत्साहन गरिनेछ । माटो परीक्षण प्रयोगशाला खजुरासँगको समन्वयमा माटो परीक्षण तथा उपचार शिविर सञ्चालन गरी माटोको उर्बराशक्ति वृद्धि गरिनेछ ।

१०.७ स्थानीय रैथाने लगायत अन्य जातको बिऊ र नश्लको संरक्षण र विकास गर्न कृषि अनुसन्धान परिषद् (नार्क) खजुराबाट सहयोग लिई बिऊ बृद्धि र नश्ल सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.८ नगरपालिकालाई तरकारी, खाधान्न, फलफूल, दुध र अण्डामा आत्मनिर्भर बनाइनेछ । **'एक घर, दुई फलफूलको विरुवा'** को कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१०.९ अर्ग्यानिक खेतीलाई प्रबर्द्धन गर्न प्राङ्गारिक मल तथा जैविक विषादिको प्रयोगलाई प्रोत्साहित गरिनेछ । अर्ग्यानिक पकेट क्षेत्र निर्धारण र उत्पादित उपजको ब्रान्डिङ, प्रमाणीकरण, बजार प्रबर्द्धनका लागि सङ्घीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

१०.१० नगरक्षेत्रमा कृषि र सम्बन्धी प्राविधिक सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराइनेछ । कृषि तथा र पशुपन्छीमा आधारित **"एक उपज-एक नमूना कृषि फर्म"** र **"एक वडा-एक नमूना फर्म"** मोडेलको रुपमा कार्यान्वयन गरिनेछ । किसानले व्यहोर्ने पशु बीमाको प्रिमियममा ५०प्रतिशत अनुदान प्रदान गरिनेछ ।

१०.११ कृषकहरुलाई व्यावसायिक बालीहरुको बिऊ तथा बेर्नाको उत्पादन र सहज आपूर्तिका लागि **"एक वडा-एकनर्सरी"** कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यमा कृषि सहकारी, कृषक समूह तथा अगुवा कृषकलाई प्रोत्साहन तथा परिचालन गरिनेछ।

१०.१२ कृषि बाली तथा पशुपन्छीमा लाग्ने रोग, किरा तथा महामारी नियन्त्रण गर्न प्राविधिक सेवालाई प्रभावकारी बनाइनेछ । कृषि बीमा कार्यक्रममा सबै किसानहरुलाई समावेश गर्न कृषक समूह, सहकारी संस्था र बीमा कम्पनीका वीचमा आवश्यक सहकार्य र सहजीकरण गरिनेछ । किसानले व्यहोर्ने पशु बीमाको प्रिमियममा ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

१०.१३ खेतीयोग्य जमिन बाँझो राख्ने र खण्डीकरण गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी सामूहिक, साझेदारी, सहकारी र करार खेती प्रणालीलाई प्रोत्साहन प्रोत्साहन गरिनेछ । पकेट क्षेत्र, ब्लक, कृषि जोन घोषणा गरी नगरपालिकालाई २ वर्षमा आलु, ३ वर्षमा चामल र ५ वर्षमा गहुँ र मकैमा आत्मनिर्भर बनाइनेछ ।

१०.१४ स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि उपज सङ्कलन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ । कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र बजारीकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१०.१५ कृषिमा आधारित उद्यम सञ्चालन गर्न र सहुलियतपूर्ण कृषि कर्जा प्रवाहका लागि बैङ्क तथा वित्तीय संस्थाहरुसँग समन्वय र सहजीकरण गरिनेछ । महिला उद्यमी सहकारी संस्थामार्फत् दुध, तरकारी, स्थानीय जातको कुखुरा र बाखाको बजारीकरण गर्दै तिन हजार परिवारलाई प्रत्यक्ष स्वरोजगारको अवसर सिर्जना गरिनेछ ।

१०.१६ विगत वर्षहरुदेखि सञ्चालन भैरहेको गाई-भैंसी सुत्केरी भत्ता कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।पशुपन्छीमा लाग्ने खोरेत, रानीखेत, पी.पी.आर. जस्ता रोगविरुद्ध निःशुल्क खोप अभियानकै रुपमा सञ्चालन गरिनेछ। फार्म, खोर, गोठ, भकारो सुधार, नश्ल सुधार र प्रविधि सहयोगका कार्यक्रम सञ्चालन गरी पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।

१०.१७ कृषिमा **"के पाइन्छ होइन, के चाहिन्छ"** भन्ने नीतिअनुरुप मागमा आधारित कृषि कार्यक्रम र **"एक घर-एक करेसाबारी"** तथा **कौसिखेती** गर्न प्रोत्साहित गरिनेछ ।

१०.१८ किसानलाई पर्याप्त मल, गुणस्तरिय बिऊ, किटनाशक औषधीहरु, कृषि उपजको प्रशोधन, भण्डारण र ढुवानी गर्ने सहकारीलाई **बीऊ-पूँजीको** व्यवस्था गरिनेछ ।

१०.१९ निजीक्षेत्रको सह-लगानीमा भएको छाडा पशु चौपायाहरुको नियन्त्रण तथा व्यवस्थापनको कार्यलाई निरन्तरता प्रदान दिँदै थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०.२० नगरक्षेत्रमा खाद्यवस्तुको गुणस्तर निर्धारण, गुण नियन्त्रण, प्रमाणीकरण र नियमन गरिनेछ ।

१०.२२ साना तथा व्यवसायिक किसानले उत्पादन गरेका कृषि उपजको व्यवस्थित बजारीकरणका लागि कोहलपुर नगरपालिका वडा नं.१३ भरैयामा कृषि उपज सङ्कलन केन्द्र निर्माण गरिनेछ।हाल सञ्चालनमा रहेका कृषि हाटबजारको स्तरोन्नति गर्दै थप कृषि हाटबजार निर्माण गरिनेछ ।कृषि क्षेत्रमा कृषि सडक, बिजुलीलगायत अन्य पूर्वाधारहरु निर्माण र विस्तार गरिनेछ ।

१०.२३ **"स्थानीय अर्थतन्त्रको सबलीकरण, कृषिको आधुनिकीकरण"** भन्नेनारासहित कृषि क्षेत्रको आधुनिककीरण तथा व्यावसायीकरण गरीनेछ । कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषकहरु लाभान्वित हुने व्यवस्था गरिनेछ ।कृषियोग्य जमिनको चक्लाबन्दी गरी कबुलियती खेती, सामूहिक खेती र करार खेती गर्न प्रोत्साहन गरिनेछ ।

१०.२४ महिला, दलित, विपन्न वर्ग, युवा र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई कृषिमा आधारित व्यवसाय सञ्चालनको लागि भूमि बैङ्कमार्फत् लिजमा जग्गाको व्यवस्था गरिनेछ ।

१०.२५ खाली जमिन, सामुदायिक वन, निजी जमिन, खोलाको किनार तथा अन्य सार्वजनिक स्थलमामा डाले तथा भुई घाँस खेती, चरणक्षेत्रको विकास र विस्तार गरिनेछ ।

१०.२६ कृषि तथा पशुसेवामा कार्यरत कर्मचारीहरुको पेसागत दक्षता अभिवृद्धिका लागि तालिम, गोष्ठी, क्षेत्रभ्रमणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।कृषि र पशुसेवा शाखामा विषय विशेषज्ञ कर्मचारीको व्यवस्थापन गरिनेछ ।

१०.२७ सङ्घीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहको सहलगानीमा आधुनिक पशु बधशाला निर्माण गरिनेछ ।कृषि तथा जन्य वस्तुहरुको गुणस्तरीय उत्पादन, प्रशोधन, विविधीकरण र बजारीकरणमा सहकारी तथा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ ।पर्यटकहरुलाई लक्षित गरी कृषि तथा पशुपन्छी जन्य उपजहरुको उत्पादन, प्रशोधन र ब्रान्डिङ (रावडी, मिठाई, सिन्की, मस्यौरा, छुर्पी आदि) का लागि सहकारी, कृषक समूह र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

## ११. सहकारी तथा वित्तीय नीति :

११.१ उत्पादनमा आधारित कृषि उद्योग एवं व्यवसायको प्रबर्द्धन गरिनेछ । कृषि वस्तुहरुको व्यवसायिक उत्पादन, प्रशोधन र बजारीकरणका लागि प्राविधिक सहयोग एवं अनुदान उपलब्ध गरिनेछ ।

११.२ सहकारीको व्यावसियक तथा संस्थागत क्षमता विकास गर्न सहकारी शिक्षा, तालिम तथा अवलोकन भ्रमणका कार्यक्रम सञ्चालन गरिनेछ । सहकारीको क्षेत्रमा हुने कामकारवाहीलाई एकीकृत रुपमा सञ्चालन तथा समन्वय गर्न **"नगरस्तरिय सहकारी बोर्डको"** गठन गरिनेछ ।

११.३ **"विकास र समृद्धिको यात्रा, सहकारीसँगको सहयात्रा"** भन्ने नारासहित ग्रामीण स्तरसम्म सहकारीको सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ । सहकारी संस्थाहरु एक आपसमा गाभिएमा तिन वर्षसम्म ५० प्रतिशत करछुट सहित अन्य प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक, निजी र सहकारी साझेदारी सम्भावनाका क्षेत्रहरु पहिचान गरिनेछ ।

११.४ स्थानीय मौलिक हस्तकला, सिप र उत्पादनको संरक्षण, प्रबर्द्धन र बजारीकरणको लागि नगरपालिकाका सम्भावित स्थानहरुमा स्थानीय कृषि सहकारीहरुमार्फत् **"कोसेली घर"** स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

११.५ अशक्त, असाहय, जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाउन घुम्ती बैंङ्क सञ्चालन गर्न समन्वय गरिनेछ ।

११.६ ग्रामीणस्तरमा शाखा विस्तार गर्ने बैङ्कलाई स्थानीय कर तथा घरबहाल करमा थप २५ प्रतिशत छुट प्रदान गरिनेछ ।

११.७ नगरक्षेत्रमा रहेका सबै बैङ्क तथा वित्तीय संस्थाहरुको सुरक्षा प्रबन्ध गरिनेछ । बैकिङ्ग कारोबारलाई नगद रहित (नन क्यास) बनाउन बैङ्क तथा वित्तिय संस्थाहसँग समन्वय र सहजीकरण गरिनेछ ।

**१२. पर्यटन नीति**ः

१२.१ नगर क्षेत्रका सम्भाव्य प्राकृतिक, सांस्कृतिक र मनोरमस्थल तथा गन्तव्यहरुको विस्तृत अध्ययन गरी अभिलेखीकरण गरिनेछ । सोको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार निर्माण, स्तरोन्नति र सेवा सुविधा अभिवृद्धि सम्बन्धी कार्यहरु गरिनेछ ।

१२.२ कोहलपुरको पर्यटन विकासका लागि यस जिल्ला र छिमेकी जिल्लामा रहेका राष्ट्रिय निकुञ्ज तथा प्रमुख पर्यटकीय गन्तव्यहरुसँगको अन्तरसम्बद्धता कायम गरिनेछ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय गन्तव्यहरुको पहुँच र माध्यम (ट्रान्जिट) मार्गका रुपमा कोहलपुरलाई विकास गरिनेछ । यसका लागि निजीक्षेत्र र समुदायसँगको साझेदारीमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२.३ कोहलपुर वडा नं. ३ मा अवस्थित पुरैनीताललाई कोहलपुर पुरैनी वाटर पार्कको निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

१२.४ स्थानीय कला, संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन एवं विकास गरिनेछ । नमुना होमस्टे, जैविक पार्क, हात्तीसार, कोहलपुर पुरैनी वाटर पार्क, भ्यु-टावर, रामजानकी, विश्वविराट, श्रीशंकर भगवान् मन्दिर स्थलमा रहेको हनुमानजीको मूर्ती, शिव पार्वती मन्दिर, ब्रह्मकुमारी ऐश्वरीय राजयोग केन्द्र र हात्ती सफारीलाई सहितको धार्मिक एवं पर्यटकिय एकीकृत भ्रमण प्याकेजको रुपमा विकास गर्न पहल गरिनेछ । सञ्चालनमा रहेका होमस्टेको स्तरोन्नति गर्दै सेवालाई गुणस्तरीय बनाउने नीति लिइनेछ ।

१२.५ पर्यटन पूर्वाधार विकासका लागि सार्वजनिक निजी साझेदारी (PPP Model) अवधारणामा काम गरिनेछ । ठूला होटेल, मोटेल, विश्राम कक्ष, होमस्टे निर्माण लगायत पर्यटन सम्बन्धी पूर्वाधार निर्माणमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने नीति लिइनेछ ।

१२.६ नगरक्षेत्रमा रहेका ऐतिहासिक धार्मिक, सांस्कृतिक, पौराणिक एवं पर्यटकीय स्थलहरुको व्यापक रुपमा प्रचार प्रसार गरी आन्तरिक एवं बाह्य पर्यटणलाई प्रबर्द्धन गरिनेछ । पर्यटन क्षेत्रको विकासमा कलम चलाउने पत्रकारहरुलाई **पर्यटन पत्रकारिता** पुरस्कारले सम्मानित गरिनेछ ।

**१३. उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण नीतिः**

१३.१ उद्योग व्यवसाय विकाससम्बन्धी नीति, कानून, कार्यविधि र मापदण्ड बनाई औद्योगिक र व्यावसायिक वातावरण सिर्जना गरिनेछ । नगर क्षेत्रमा उद्योग, व्यापार, व्यावसाय र उद्यम स्थापना, सञ्चालन र प्रबर्द्धनका लागि निजीक्षेत्रबाट प्राप्त राय सुझावका आधारमा रणनीतिक योजना तर्जुमा गरिनेछ ।

१३.२ सङ्घीय सरकारले ल्याएको पुनरकर्जा सुविधा उपयोग गर्न बैङ्क तथा वित्तीय संस्थाहरुसँग समन्वय एवं सहजीकरण गरिनेछ । अति प्रभावित उद्योग, व्यापार, व्यवसाय र उद्यम सुचारु गर्न **"व्यवसाय विकास कोष"**मार्फत् राहत तथा अनुदान उपलब्ध गराइनेछ ।

१३.३ स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, सिप, श्रम र प्रविधिमा आधारित उद्योग, व्यापार, व्यवसाय र उद्यम सञ्चालन गर्न विशेष जोड दिइनेछ ।यस्ता उद्योग, व्यापार, व्यवसाय र उद्यम सञ्चालन गर्न निजी क्षेत्र, सहकारी र बैङ्कसँग सहकार्य, समन्वय र सहजीकरण गरिनेछ ।

१३.४ नगरक्षेत्रका ५० प्रतिशतभन्दा बढी नागरिकलाई रोजगारी प्रदान गर्ने व्यवसायी, उद्योगी, फर्म तथा कम्पनीहरुलाई सम्मानित गरिनेछ । नगरपालिकामा विषेश आर्थिक तथा औद्योगिक क्षेत्र निर्माण गर्न विस्तृत संम्भाव्यता अध्ययन गरिनेछ ।

१३.५ आवश्यक स्थानमा सिसिटिभी जडान, प्रहरी बिट स्थापना र नियमित सुरक्षा गस्ती लगायत सुरक्षा प्रबन्ध गरी नगरक्षेत्रभित्रका उद्योगी व्यवसायीहरुको सुरक्षाको पूर्णप्रत्याभूति गरिनेछ ।

१३.६ उद्योग वाणिज्य सङ्घ र घरेलु तथा साना उद्योग महासङ्घको भौतिक पूर्वाधारमा सहयोग गरिनेछ । औधोगिक क्षेत्रमा सडक, खानेपानी, बिजुली लगायत औधोगिक पूर्वाधार निर्माण गर्न प्रदेश र सङ्घीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

१३.७ नियमित बजार अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई सबै प्रकारका खाद्य, वस्तु, सेवामा गुणस्तरीयता कायम गरिनेछ । समुदायस्तरमा उपभोक्ता शिक्षा, उपभोक्ता जागरण र सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गरी उपभोक्ता हितको संरक्षण गरिनेछ ।

१३.८ स्थानीय उद्यमी, व्यवसायी, सहकारी र निजी क्षेत्रको साझेदारीमा कृषि प्रशोधन, दाना उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ । नगरक्षेत्रमा व्यवसायिक मल, सुपर मार्केट, सिनेमा हल, पार्किङ्ग तथा भूमिगत पार्किङ लगायतका उद्योग व्यवसायहरु स्थापना तथा सञ्चालनका लागि सार्वजनीक निजी साझेदारी (पी.पी.पी.मोडेल) मोडेलमा काम गर्न निजीक्षेत्रलाई प्रोत्सान गरिनेछ ।

१३.९ औद्योगिक सेवा, प्रविधि र बजार सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।स्थानीय कला, संस्कृति, उत्पादन, वस्तु, उद्योग र सेवाको संरक्षण, बजारीकरण र व्यापार प्रबर्द्धन गर्न नगर, प्रदेश र राष्ट्रिय स्तरका व्यापार तथा औधोगिक मेला महोत्सव तथा प्रदर्शनी आयोजना गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१३.१० क्रियाशील स्थानीय अर्थतन्त्र निर्माणका लागि नगरक्षेत्रका सबै व्यापार, व्यवसाय, उद्योगधन्दा तथा कलकारखानाको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक गरिनेछ । कोभिड–१९ को कारणबाट यस क्षेत्रका उद्योग, व्यापार र व्यवसायमा परेको असरको अध्ययन तथा लेखाजोखा गरिनेछ ।

१३.११ शहरी क्षेत्रमा रहेका फुटपाथ पसल तथा ठेलालाई समुचित स्थानमा व्यवस्थापन गरिनेछ ।

१३.१२ व्यवसाय कर सङ्कलनका लागि उद्योग वाणिज्य सङ्घसँग सहकार्य गरिनेछ ।

**१४. श्रम, रोजगार, गरिबी निवारण तथा उद्यमशीलता विकास नीति :**

१४.१ वैदेशिक रोजगारबाट फर्किएका सिपयुक्त जनशक्ति, महिला, दलित, चिडिमार, खटिक तथा पासी, राजी, कुमाल, मुक्त कमैया कम्लहरी, मुस्लिम, आदिवासी जनजाति तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तर

वृद्धिका लागि एकल, सामूहिक वा साझेदारीमा घरेलु तथा लघु उद्यम र साना व्यवसाय सञ्चालन गर्न साना उद्यम सञ्चालन कोष स्थापना गरी ऋण दिइनेछ । लघु उद्यम विकास मोडलमा सिप विकास तथा आयआर्जन सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ ।

१४.२ विपन्न, आदिवासी, जनजाति, महिला, दलित, गन्धर्व, वादी, अपाङ्गता, अल्पसङ्ख्यक तथा विशेष संरक्षणको आवश्यकता भएका व्यक्तिका लागि आयआर्जन र गरिबी निवारणका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१४.३ बेरोजगार युवाहरुलाई सिटिइभिटी (CTEVT), निजीक्षेत्र, कम्पनी र सेवा प्रदायकसँगको सहकार्यमा परम्परागत सिप र पेसामा आधारित प्राविधिक तथा सिपमूलक तालिम प्रदान गरी स्वरोजगारीका अवसर प्रदान गरिनेछ । कोहलपुरमा सिटिइभिटीसँगको साझेदारीमा डिप्लोमा तहको फार्मेसी, ल्याब र रेडियोग्राफी विषयको अध्यन शुरुवात गरिनेछ ।

१४.४ बेरोजगारहरुको विस्तृत लगत तयार गरी श्रम बैङ्क स्थापना, तालिम, प्रविधि हस्तान्तरण र विकास आयोजनामा परिचालन गर्ने नीति लिइनेछ ।

१४.५ प्रधानमन्त्री रोजगार कार्यक्रम उत्पादनमूलक र प्रतिफलयोग्य योजनाहरुमा सञ्चालन गरिनेछ ।कार्यक्रममा दर्ता छुट भएका श्रमिकहरुलाई **"नगर स्वरोजगार कार्यक्रम"**मार्फत् कम्तीमा ३० दिनको रोजगारी उपलब्ध गराइनेछ ।

**१५. शहरी योजना तथा पूर्वाधार विकास नीति**:

१५.१ भू-बनौट, क्षमता, उपयुक्तता र उपयोग क्षेत्रका आधारमा योजनाबद्ध रुपमा नगरलाई शहरीकरण गरिनेछ । बाँके राष्ट्रिय निकुञ्जको फार लाइनभन्दा तल रहेको भू-भागसम्म नगर विकासको क्षेत्र विस्तार गर्न सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

१५.२ बाँके जिल्लाको उत्तरी भूभागलाई एकीकृत गरी राप्ती-सोनारी, बैजनाथ गाउँपालिका र कोहलपुर नगरपालिकालाई समेटी उप-महानगरपालिका बनाउन विस्तृत सम्भाव्यता अध्ययनको कार्य अगाडि बढाइनेछ ।

१५.३ शहरका मुख्य-मुख्य बजारक्षेत्रमा ट्राफिक व्यवस्थापन गरी दुर्घटनालाई न्यूनीकरण गरिनेछ । पैदलयात्रीको अधिक चाप हुने साझाचौकमा आगामी आ.व.मा आकाशेपुल निर्माण सम्पन्न गरिनेछ ।न्युरोड र त्रिमाविचौकमा आकाशे पुल निर्माण गर्न प्रदेश र सङ्घीय सरकारसँग पहल गरिनेछ ।शहरीक्षेत्रमा रहेका यात्रु प्रतिक्षालयलाई स्तरोन्नति गरी सुविधा सम्पन्न बनाइनेछ ।मुख्य शहरीक्षेत्रमा स्नानघर सहितको सफा र आधुनिक सार्वजनिक शौचालय निर्माण गर्न पहल गरिनेछ ।

१५.४ एक वडा, एक कालोपत्रे सडक निर्माण कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।**"नगर यातायात गुरुयोजना (MTMP)"** अद्यावधिक गरी सडकको क्षेत्राधिकार (Right of Way), स्तरोन्नति, कालोपत्रे, मापदण्ड, नामाकरण, रेखाङ्कन र प्राथमिकता निर्धारण गरिनेछ ।

१५.५ परसेनीपुर- चौधरिया- गोहवा- रझेना, हवलदारपुर-लखना-रजगडवा-डलैपुर र चप्परगौडी-निबुवा-खडगवार-हात्तीसार सडक प्राथमिकताका साथ निर्माण गर्न संघीय र प्रदेश सरकारसँग पहल गरिनेछ ।

१५.६ नगर-गौरव तथा समग्र रुपान्तरणकारी आयोजना (गेम चेन्जर प्रोजेक्ट) को रुपमा रहेका चप्परगौडी घुईयाबारी अन्तरप्रदेश सडक, कभर्ड हल, अन्तराष्ट्रिय क्रिकेट मैदान, भ्यु-टावर तथा घण्टाघर, सिटिहल, लामो दुरीको बसपार्क, रिङ्ग रोड, आधुनिक बधशाला, डुडुवा करिडोर, बाल अस्पताल, १५-शैयाको आधारभूत अस्पताल, आकाशे पुल, विद्युतीय शवदाह गृह, ढल र फोहोरमैला तथा दिशाजन्य पदार्थको प्रशोधन केन्द्र

निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । नगरपालिकालाई दिगो प्रतिफल दिन सक्ने केही आयोजनालाई यसै वर्ष निर्माण सम्पन्न हुने गरी कार्यान्वयन गरिनेछ।

१५.७ नगरपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधारको गुणस्तर कायम गर्न निर्माण सामग्री परीक्षण प्रयोगशाला निर्माण गरिनेछ । परीक्षण प्रयोगशाला निर्माण नभएसम्म नेपाल सरकार, नापतौल तथा गुणस्तर विभागबाट मान्यता प्राप्त अन्य सरकारी तथा निजी प्रयोगशालाबाट गरिने परीक्षणलाई समेत मान्यता प्रदान गर्ने नीति लिइनेछ ।

१५.८ नगरका मुख्य-मुख्य शहरी क्षेत्रमा हाइमास्ट लाइट, सडक बत्ती र सौर्य बत्ती जडानको कार्यलाई निरन्तरता दिँदै थप स्थानमा विस्तार गर्दै लगिनेछ ।

१५.९ नगरपालिकाले निर्माण गरेका सडकलाई नियमित रुपमा मर्मत सम्भार गरी आवागमनलाई बाह्रै महिना सहज बनाइनेछ । आवश्यक स्थानमा पुल, कज-वे, झोलुङ्गे पुल र कल्भर्ट निर्माण गरिनेछ ।

१५.१० नगरपालिकाले निर्माण गर्ने सडकलाई गुणस्तरीय, दिगो र टिकाउ बनाइनेछ । नाली तथा ढल निकासलाई सडक निर्माणको एकीकृत प्याकेजमा समावेश गरि कार्यान्वयन गरिनेछ। साढे चार मिटरभन्दा बढी चौडाइ भएको सडकलाई अस्फाल्ट कङ्क्रिट (Aslphalt Concrete) प्रविधिबाट कालोपत्रे गरिनेछ । वडा तथा नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकास निर्माण सम्बन्धी सम्पूर्ण कामलाई पूर्वाधार विकास शाखामार्फत् एकीकृत गरी कार्यान्वयन गरिनेछ ।

१५.११ डुबान मुक्त नगरपालिका बनाउन एकीकृत ढल निर्माण गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । नक्शामा भएका कुलो, नाली, ढल तथा खोलाहरुलाई अतिक्रमणमुक्त बनाइनेछ । सिक्टा नहर, निजी संरचना, सडक लगायत अन्य भौतिक निर्माणबाट अवरुद्ध भएको पानीको प्राकृतिक बहावलाई कायम गरिनेछ ।

१५.१२ नगरक्षेत्रमा औद्योगिक ग्राम, बजार, पार्क र आपतकालीन सामग्री भण्डारण गृह लगायत न्यूनतम शहरी पूर्वाधारहरुको निर्माण गरिनेछ । मुक्त कमैया बस्तीलाई नमूना बस्तीको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

१५.१३ बजार र ग्रामीण क्षेत्रहरुमा खुल्ला स्थान, योगाभ्यास स्थल, खेलकुद मैदान, हरियाली पार्क, पुष्पवाटिका, पोखरी र वाटर पार्कको निर्माण गरिनेछ ।

१५.१४ विद्युत प्राधिकरणसँगको समन्वय र लागत साझेदारीमा विद्युत लाइनको क्षमता विस्तार, जीर्ण पोल र तारको प्रतिस्थापन, खुलातारलाई केबलमा रुपान्तरण गरिनेछ । सबै वडामा टेलिफोन, इन्टरनेट, टेलिभिजन केबुल लगायत अन्य सूचना प्रविधिसँग सम्बन्धित सेवाको क्षमता वृद्धि तथा विस्तार गरिनेछ ।

१५.१५ नगरपालिकामा छुट्टै सार्वजनिक निजी साझेदारी इकाइ (पी.पी.पी. युनिट) खडा गरी सार्वजनिक निजी साझेदारी (पी.पी.पी. मोडेल) अवधारणामा काम गर्ने नीति लिइनेछ । यस अवधारणामा काम गर्ने योजनाको छनौटमा स्थानीय उद्योग वाणिज्य सङ्घसँग सहकार्य गरिनेछ ।

१५.१६ वडा नं. १५ को चन्नहवा गाउँपश्चिमको पेडारी नाला र वडा नं. ७ को डुडुवा खोलामा झोलुङ्गेपुल निर्माणको कार्य थालनी गरिनेछ । उक्त नाला र खोलामा पक्की पुल निर्माण गर्न सङ्घ र प्रदेश सरकारसँग पहल गरिनेछ ।

१५.१७ शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ कडाइका साथ पालना गरिनेछ । घरनक्शा पास तथा अभिलेखीकरणको कार्यलाई थप व्यस्थित बनाइनेछ । शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२

लागू हुनुपूर्व निर्माण भएका सबैघरको नगरपालिकाले लिने दस्तुरमा २५ प्रतिशत छुट प्रदान गरि अभिलेखीकरण गरिनेछ ।सबै घर नक्शाहरुको अभिलेख सफ्टवेयरमा कायम गरिनेछ ।

१५.१८ नगरक्षेत्रमा सबै प्रकारका भौतिक पूर्वाधारहरुलाई अपाङ्गतामैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री, बालमैत्री र विपद् प्रतिरोधी बनाइनेछ ।

१५.१९ नगरको समग्र विकास निर्माणको कार्यलाई एकीकृत एवं दीगो विकासको मोडेलका आधारमा **"गुरुयोजना योजना"** निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५.२० नगर विकास समिति गुरुयोजना र नगर विकास समिति भित्रपर्ने घर नक्साको फ्लोर एरिया रेसियोलाई वर्तमान आवश्यकता बमोजिम अध्यावधिक गरिनेछ । शहरी क्षेत्रमा पाइएको पार्किङ सामस्यालाई न्यूनीकरण गर्न भूमिगत पार्किङ्ग सहितको आवासीय एवं व्यावसायिक भवन निर्माण गर्न प्रोत्साहन गरिनेछ । भूमिगत पार्किङ क्षेत्रलाई भवनको कुल क्षेत्रसँग गणना गरिने छैन ।

१५.२१ नगरपालिकामा विद्युतीय रिक्साको दर्ता र नवीकरण प्रक्रियालाई व्यवस्थित गरी सवारीको रुट र सङ्ख्या तोकिनेछ ।

१५.२२ सङ्घीय र प्रदेश सरकारको मातहतमा रहेका सरकारी कार्यालयहरुको स्तरोन्नति र सेवा प्रवाह क्षमता विस्तारका लागि आवश्यक सहयोग गरिनेछ ।नगर क्षेत्रमा स्थापना हुने त्यस्ता कार्यालयहरुका लागि आवश्यक पर्ने जमिन लगायत भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

**१६. भूमि व्यवस्थापन नीति** :

१६.१ **"भूमिहीनलाई घरबारी, गाउँ-गाउँमा रोजगारी"** भन्ने नारासहित भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोवासी र गाउँब्लकमा बसोबास गर्ने परिवारहरुको लगत सङ्कलन, नाप नक्शाङ्कन, सत्यापन र अभिलेखाङ्कनको कार्य सम्पन्न गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गरिनेछ ।

१६.२ नगरक्षेत्रमा रहेका सार्वजनिक र सरकारी जग्गाको संरक्षण गरिनेछ ।सङ्घीय र प्रदेश सरकासँगको सहकार्यमा भूमिको वैज्ञानिक वर्गीकरण र अधिकतम उपयोगका लागि भू-सूचना प्रणालीमा आधारित नक्साको प्रयोग गरी योजना तर्जुमा गरिनेछ ।

१६.३ नगरपालिका क्षेत्रमा नापी नक्सा, घर/जग्गा धनीपूर्जा र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित अभिलेख तयार गरिनेछ । जग्गा, बाटो, घर तथा अन्य सार्वजनिक क्षेत्रको कित्ताकाट र क्षेत्रफलको समस्या समाधानका लागि डिजिटल प्रविधिमा आधारित नाप नक्शाङ्कन गरिनेछ ।

**१७. स्थानीय सेवा, संस्थागत विकास र सुशासन नीति** :

१७.१ कोहलपुर नगरपालिकालाई सक्षम, जनमुखी, पारदर्शी र जवाफदेही नगर सरकारका रुपमा स्थापना गरिनेछ । नगरपालिकाले गर्ने हरेक क्रियाकलाप स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बमोजिम नतिजा र प्रतिफलमा आधारित मापनयोग्य सूचकका आधारमा सम्पादन हुने व्यवस्था मिलाइनेछ ।

१७.२ भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई कडाइका साथ कार्यान्वयन गर्दै शासकीय स्वच्छता कायम गरिनेछ । कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

१७.३ स्थानीय तहको एकल अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरी प्रबोधीकरण गरिनेछ । नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई जनउत्तरदायी बनाउन कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र, हेल्पडेक्स, सार्वजनिक सुनुवाइ,

सामाजिक परीक्षण र गुनासो सुनुवाई जस्ता सुशासनका औजारहरुको प्रयोग गरिनेछ । स्वास्थ्यक्षेत्रको सामाजिक परीक्षणको कार्यलाई नगरपालिकाको समग्र सामाजिक परीक्षणमा समावेश गरिनेछ ।

१७.४ योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय समुदायको जनसहभागिता वृद्धि गरिनेछ । आयोजनाको प्राविधिक लागत इस्टिमेट तथा प्राविधिक नापी किताब आम जनसमुदायको सहजताको लागि नेपाली भाषामा तयार गरिनेछ ।

१७.५ **"सुशासनका लागि आर्थिक पारदर्शिता"** भन्ने नीतिलाई कार्यान्वयन गरिनेछ । नगरपालिकाको आय व्ययको बिवरण मासिक रुपमा नगरपालिकाको आधिकारी वेव पेज मार्फत सार्वजनिक गरिनेछ । सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो सुनुवाई लगायत सुशासन र सार्वजनिक जवाफदेहिता अभिबृद्धिसँग सम्बन्धित कार्यहरु नियमित रुपमा सञ्चालन गरिनेछ । नगरपालिकाको सेवा प्रवाह तथा विकास निर्माणको कार्यमा सवैको संलग्नता अभिवृद्धि गर्न अर्ध बार्षिक प्रगति समिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७.६ सबै वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्रहरुलाई प्रभावकारी विद्युतीय नेटवर्कमा नेटवर्किङ्ग गरिनेछ । ई–हाजिरी, आन्तरिक नेटवर्किङ र वेब-पेज व्यवस्थापन जस्ता कार्यलाई चुस्तदुरुस्त बनाइनेछ । नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा टोकन प्रणाली, सूचना प्रविधिको प्रयोग तथा विस्तार गरी ई-गभरनेन्स, कम्प्यूटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवा (Online Services) कार्यान्वयन गरिनेछ । नगरका गतिविधिहरुको सूचना नगरको वेब-पेज, स्थानीय सञ्चार माध्यम तथा सामाजिक सञ्जालको माध्यमबाट प्रचार प्रसार गरिनेछ ।

१७.७ साविक स्थानीय निकायबाट समायोजन भई आएका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको वृति विकास तथा पेशागत सुरक्षाका लागि आवश्यक ऐन, नियम, कार्यविधी तथा मापदण्ड तर्जुमा गरी व्यवस्थित गरिनेछ । निजामती सेवाबाट समायोजन भै आएका कर्मचारीहरुको लागि स्थानीय सेवालाई आकर्षक गन्तव्यको रुपमा अनुभूति हुने गरी प्रोत्साहन र कार्य वातावरणको प्रबन्ध मिलाइनेछ । नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राखी कार्यसम्पादनमा प्रभावकारीता कायम गर्न १५ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

१७.८ नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन अध्ययन सर्वेक्षण (O&M Survey) बमोजिम दरबन्दी मिलान एवं जनशक्ति व्यवस्थापनको कार्य गरिनेछ । स्वीकृत दरबन्दी अनुसार स्थायी कर्मचारीहरुको पदपूर्ति तथा पदस्थापनाको कार्य गर्दा साविक पदमा कार्यरत करार, अस्थायी र ज्यालादारीमा रहेका कनिष्टहरुबाट हटाउँदै जाने नीति अवलम्बन गरिनेछ ।

१७.९ जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्ञान, सीप, क्षमता अभिवृद्धि र अध्ययन अवलोकनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७.१० नगरपालिकाको आन्तरिक लेखा परीक्षणको कार्यलाई प्रभावकारी बनाउन जनशक्ती व्यवस्थापन सहित आन्तरिक लेखा परीक्षण शाखा स्थापना गरी वित्तीय जोखिम न्यूनीकरण गरिनेछ । तत्कालको लागि नगरपालिकाकै लेखा समुहको कुनै एक कर्मचारीलाई लेखा परीक्षण साहयकको जिम्मेवारी तोकी आन्तरिक लेखा परिक्षणको काम गरिनेछ ।

१७.११ नगरपालिकाको बेरुजुलाई शुन्य बनाउने नीति अवलम्बन गरिनेछ । बेरुजु नै आउन नदिने आर्थिक क्रियाकलाप सञ्चालन गर्ने कार्य प्रणाली निर्माण गरिनेछ । सुशासन स्थापना गर्न वित्तीय अनुशासन कायम गरिनेछ । प्रचलितल ऐन, नियम, कार्यविधि, परिपत्र पद्धतिलाई पालना गरिनेछ । अन्य निकायमा स्थापित

सफल अभ्यासहरुलाई अनुकूलन गरिनेछ ।एक आर्थिक वर्षको कम्तिमा ५० प्रतिशतभन्दा बढी फछ्र्यौट गर्ने कार्यमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरुलाई उचित पुरस्कार र सम्मान प्रदान गरिनेछ ।

१७.१२ उपभोक्ता समिति, निर्माण व्यवसायी, विषयगत शाखामा कार्यरत कर्मचारी र अन्य साझेदार निकायलाई भुक्तानी प्रक्रियालाई शिघ्र एवं सरल बनाउन र योजना फरफारक गर्न सार्वजनिक खरिद ऐन, नियम, कार्यविधि र नियमावलीका प्रावधानको बारेमा नियमित तालिम तथा अनुशिक्षण गरिनेछ ।

१७.१३ कार्यालयमा प्रतिक्षालय, सेवाग्राही कक्ष, स्वच्छ पिउने पानी, फ्री वाइफाई, टोकन र टेलिभिजनको व्यवस्था गरिनेछ ।

१७.१४ कोहलपुर नगर सरकारको स्थानीयता र पहिचान झल्किने प्रतीक चिह्न (लोगो) जारी गरिनेछ ।

१७.१५ नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोबललाई उच्च बनाई मन, वचन र कर्मले प्रतिवद्ध भई कार्यसम्पादनमा अभिप्रेरित गर्न कर्मचारीहरुको सेवा र पेशालाई मर्यादित, सुरक्षित र अनुशासित बनाउदै कार्यालयमा उचित कार्यप्रणालीको स्थापना गरी ढुक्कसाथ काम गर्ने वातावरण सिर्जना गरिनेछ ।

**१८. कर, सेवा शुल्क तथा राजस्व नीति**ः

१८.१ आन्तरिक राजस्व व्यवस्थापनसम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको सङ्कलन, दाखिला तथा अभिलेखनलाई वर्गीकृत, नियमित र व्यवस्थित गरिनेछ । राजस्व चुहावटलाई शुन्य बनाइनेछ ।

१८.२ व्यवसाय दर्ता तथा नवीकरण र वार्षिक कर सङ्कलनको कार्यलाई सहज र सरल बनाइनेछ ।

१८.३ राजस्व दरलाई यथावत राखी करको दायरा फराकिलो बनाइनेछ। कोभिड–१९ ले व्यापार व्यवसायमा पारेको असरलाई ध्यानमा राख्दै नगरपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्कमा २५ प्रतिशत र हर्जानामा पूर्ण छुट गरिनेछ ।

१८.४ आन्तरिक राजस्व परिचालनको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणलाई यथार्थपरक बनाइनेछ ।राजस्व प्रशासनलाई व्यवस्थित, सरल, प्रविधिमैत्री एवं करदातामैत्री बनाउँदै वडा कार्यालयबाट कर, शुल्क र दस्तुर सङ्कलन गर्न कम्प्युटर, सफ्टवेयर तथा आवश्यक जनशक्तिको व्यवस्था मिलाइनेछ ।

१८.५ राजस्व प्रशासनका बारेमा राजस्व परामर्श समिति, जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।राजस्वको दायरा वृद्धि र चुहावट नियन्त्रण गर्न करदाता शिक्षा, करदाता सम्मान, सूचना सम्प्रेषण, अनुगमन मूल्याङ्कन तथा वडास्तरमा एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।

**१९. वन तथा वातावरण संरक्षण नीति** :

१९.१ नगरपालिकालाई प्राकृतिक स्रोतले सुसम्पन्न, हरियाली, स्वच्छ वातावरणयुक्त र रमणीय नगरको विकास गरिनेछ ।

१९.२ कोहलपुर नगरपालिकालाई देशकै "**हरित नगर**"को रुपमा विकास गर्न सामुदायिक वन, जैविक पार्क, खोला किनार, सार्वजनिक स्थल, सडक किनारा, ग्रिनबेल्ट, पार्क र खाली जमिनमा वृक्षारोपण, पुष्प वाटिका र हरियाली पार्कको निर्माण गरी हरियाली तथा शहरी सौन्दर्य प्रबर्द्धन गरिनेछ । प्रदेश सरकारको "**एक पालिका, एक नमुना कृषि वन कार्यकम**" र केन्द्रीय सरकारको "**समृद्धिका लागि वन कार्यक्रम**" सञ्चालन गर्न पहल गरिनेछ । वनक्षेत्रमा हुने अतिक्रमणलाई पूर्ण रुपमा निषेध गरिनेछ ।

१९.३ सामुदायिक वन, साझेदारी वन र निजी वनमा काष्ठ, गैर काष्ठ र जटीबुटीमा आधारित वनजन्य उद्यमलाई रोजगारी र आर्थिक उपार्जनसँग आबद्ध गरिनेछ ।वनको उत्पादन र उत्पादकत्व बढाई वन पैदावारमा आत्मनिर्भर हुन वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन नीति अवलम्बन गरिनेछ ।

कोहलपुर नगरपालिकामा हुने तुल्सी, एलोभेरा, बेसार, निम, गुर्जो लगायतका अन्य सम्भावित जटीबुटीको व्यवसायिक खेती गर्न सामुदायिक वन र कृषकलाई अनुदान सहितको प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

१९.४ वनक्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा निजी क्षेत्रको लगानी आर्कषित गरिनेछ । वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । निजी जमिनमा वृक्षरोपण गर्ने किसानहरुलाई प्रोत्साहन गरिनेछ । उत्पादन भएका वन पैदावर र जडिबुटीहरुको निकासी तथा बिक्री वितरणमा सरल कानुनी व्यवस्थाका लागि प्रदेश र सङ्घीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

१९.५ खोला, ताल तथा जलाधार क्षेत्रहरुको संरक्षण गर्दै सबै खाले प्रदुषण नियन्त्रण गरी पर्यावरणीय सन्तुलन र वातावरण संरक्षण गरिनेछ । नगरक्षेत्रमा प्लास्टिक झोलाको बढ्दो प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।वन तथा वातावरण संरक्षणको लागि "सफा र हरित नगर (Clean and Green City) अभियान सञ्चालन गरिनेछ ।

१९.६ सामुदायिक वन, निजी वन र कबुलियती वनको संस्थागत विकास, वन व्यवस्थापन र सबलीकरण गरिनेछ । इलाका डिभिजन वन कार्यालय कोहलपुरसँगको सहकार्यमा बोटविरुवाहरुको नर्सरी स्थापना गरी निःशुल्क बेर्ना वितरण गरिनेछ ।

१९.७ वातावरण संरक्षण ऐन, २०७६ ले निर्दिष्ट गरेअनुसार जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नको लागि स्थानीय अनुकूलन योजना (लापा) बनाई कार्यन्वयन गरिनेछ । नगरक्षेत्रमा ठूला आयोजना सञ्चालन वा नदिजन्य पदार्थको उत्खनन गर्नुअघि IEE / EIA लाई अनिवार्य गरिनेछ ।

१९.८ जथाभावी पार्किङ गर्ने, प्लास्टक फाल्ने, अनुमति नलिई विज्ञापन सामग्री राख्ने, ठेला तथा फुटपाथ पसल राख्ने, सडकमा निर्माण सामग्री राख्ने, शौचालयको ढल नाली तथा सतही ढलमा मिसाउने लगायत वातावरण क्षयीकरणका गतिविधि पूर्ण रुपमा रोक लगाइनेछ । यस्ता गतिविधिमा संलग्न हुने जो सुकैलाई कडा दण्ड तथा जरिवानाको व्यवस्था गरी नियन्त्रण गर्ने नीति लिइनेछ । निजी भवन तथा सार्वजनिक निर्माणको कार्य गर्दा निर्माण सामग्री तथा ठूला मेशिनरी औजार उपकरणको कारणबाट सडक तथा नाली वा ढलको क्षति भएमा प्राविधिक मूल्याङ्कनका आधारमा मर्मत समभारको व्यवस्था सम्बन्धित पक्षबाट नै हुने नीतिगत व्यवस्था मिलाइनेछ ।

**२०. विपद् व्यवस्थापन नीति :**

२०.१ सबै प्रकार विवपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रीय बनाइनेछ ।नगरपालिकामा खोज, उद्धार लगायत आधारभूत साधन स्रोत सम्पन्न आपतकालीन सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।विपद् व्यवस्थापनमा स्वयंसेवक परिचालनको नीति अवलम्बन गरिनेछ ।सबै वडाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्नका लागि स्वयंसेवकहरु परिचालन गरिनेछ ।विपद् व्यवस्थापनमा खटिने स्वयंसेवकको ज्ञान, सिप र क्षमताको विकास गरिनेछ ।

२०.२ नगरपालिका तथा सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्रीहरु भण्डारणको व्यवस्था गरिनेछ । शहर तथा ग्रामिण क्षेत्रमा खुल्ला क्षेत्र तथा आपतकालीन पुर्नस्थापना केन्द्र/गृह निर्माण गरिनेछ ।

२०.३ निजी, सार्वजनिक भवन तथा सार्वजनिक निर्माणको कार्यलाई भूकम्प प्रतिरोधी र विपद् जोखिमका दृष्टिकोणले सुरक्षित हुने गरी कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ । निर्माणको क्षेत्रमा काम गर्ने कामदारलाई पेसागत दक्षता तथा आत्मसुरक्षा सम्बन्धी तालिमहरु प्रदान गरिनेछ ।

२०.४ NCDR ताइवानको सहयोगमा कोहलपुर र बैजनाथमा गाउँपालिकामा स्थापना भएको सेन्सरलाई दुवै पालिकाको सहलगानीमा दक्ष प्राविधिक जनशक्तिको परिचालन गरिनेछ । उक्त सेन्सरलाई राष्ट्रिय सूचना प्रणालीमा आबद्ध गरिनेछ ।

२०.५ बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको रुपमा रहेको वडा नं. १, २, १२ र १३ मा मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्न घेरबारका लागि तारजालीको व्यवस्था गरिनेछ ।

२०.६ "**पीडितसँग नगरपालिका**" भन्ने भावनाका साथ वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाएका व्यक्तिको पीडित परिवारलाई प्रतिव्यक्ति रु.१,००,०००।-(एक लाख) राहत उपलब्ध गराइनेछ । सङ्घीय सरकारबाट पीडित परिवारलाई उपलब्ध हुने राहत तथा बालीनालीको क्षतिपूर्ति दिने कार्यलाई सरल र छिटो छरितो बनाउन बाँके राष्ट्रिय निकुञ्जसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

२०.७ डुडुवा, रोहणी, किरण खोला लगायत अन्य खोलाको कटान र डुबानबाट अति प्रभावित क्षेत्रमा तटबन्धन र रिटेनिङवाल निर्माण तथा बाँस, निगालो खेती लगायत बायो इञ्जिनियरिङ विधि प्रबर्द्धन गरी कटान तथा भू-क्षय न्यूनीकरण गरिनेछ । यस कार्यका लागि विभिन्न सरोकारवाला निकाय तथा प्रदेश भू तथा जलाधार व्यवस्थापन कार्यालयसँग समन्वय गरिनेछ ।

२०.८ विपद् व्यवस्थापनमा संलग्न रेडक्रस, गैरसरकारी संस्था, सञ्चार माध्यम, सामुदायिक संस्था, नागरिक समाज र अन्य सरकारी निकायहरुसँग सहकार्य गरी विपद् पूर्व तयारी, रोकथाम, प्रतिकार्य, न्यूनीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

२०.९ नगरपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । विपद् जोखिम व्यवस्थापनका अभ्यास (सिमुलेसन) हरु प्रदर्शन गरिनेछ ।

२०.१० जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**२१. न्यायिक समिति तथा सामुदायिक मेलमिलाप सेवा नीति** :

२१.१ सबै वडामा रहेका सामुदायिक मेलमिलाप सेवालाई व्यस्थित र प्रभावकारी बनाइनेछ। मध्यस्थताकर्ताको सिप र क्षमता अभिवृद्धिका लागि पुर्नताजगी तालिम र अन्य पालिकामा भएका नवीनतम अभ्यासहरुको अनुसरण गर्न अवलोकन भ्रमण लगायतका कार्य गरिनेछ ।मध्यस्तकर्तालाई सञ्चार र मेलमिलापको कार्य गरे वापत कार्यविधि बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

२१.२ न्यायिक समितिमा आएका मुद्धाहरुको सुनुवाइ, गोपनीयता र फैसलाका लागि आवश्यक पर्ने जनशक्ति/कानुनी सल्लाहकारको परामर्श सेवा र पूर्वाधारसहितको इजलास निर्माण गरी न्यायिक समितिको कार्यलाई व्यवस्थित बनाइनेछ ।न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । न्यायिक समितिका सदस्यहरुलाई प्रदान गर्दै आई रहेको सञ्चार तथा यातायात सुविधालाई निरन्तरता प्रदान गरिनेछ।

२१.३ न्यायिक समितिमा आउने मुद्दाहरुको अभिलेखीकरण, सम्पादन गरेका कामहरुको व्यवस्थित प्रतिवेदन र भएका फैसलाहरुको कार्यान्वयन गर्न कानुनी तथा फैसला कार्यान्वयन उपशाखाको गठन गरिनेछ ।

२१.४ न्यायिक समिति र मध्यस्थकर्ता परिचालन सम्बन्धमा नगरपालिकाले निर्माण गरेको कार्यविधि, नियम र निर्देशिकालाई समयानुकूल परिमार्जन तथा संशोधन गर्दै बनाउनु पर्ने थप कानुनको निर्माण गरी न्यायिक प्रक्रियालाई सरल र सहज बनाइनेछ ।

माथि उल्लेख भएका नीति तथा कार्यक्रमहरु नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

अन्तमा, नगरपालिकालाई कोभिड-१९को पहिलो र दोस्रो लहरको सङ्कटमा नगद तथा अन्य जिन्सी सहयोग प्रदान गर्नुहुने सम्पूर्ण उद्योगी, व्यवसायी, व्यक्ति, सङ्घ-संस्था तथा दाताहरुप्रति उच्च सम्मानका साथ योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

हामीले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयन गर्ने कुरा नगरपालिकाको एक्लो प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि राजनितिक दल, विकास साझेदार, प्रदेश र सङ्घीय सरकार, सबै तहका जनप्रनिधिहरु, कर्मचारी, उद्योगी व्यवसायीहरु, निर्माण व्यवसायीहरु, गैर सरकारी संघ/संस्थाहरु, टोल विकास संस्था लगायत सम्पूर्ण नगरवासी जनसमुदायको साथ सहयोग, सक्रिय सहभागिता र रचनात्मक खबरदारीको आवश्यकता रहन्छ । यस प्रकारको सहयोगका लागि अनुरोध गर्दै नीति तथा कार्यक्रम तयार गर्न आफ्ना महत्वपूर्ण विचार र सुझावहरु प्रदान गरी सहयोग गर्नुहुने जनप्रतिनिधि, राजनीतिक दल, उद्योग वाणिज्य सङ्घ, पेशा व्यवसायी तथा विभिन्न सङ्घ/संस्था, पेसागत सङ्गठन लगायत सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

श्री लूट बहादुर रावत
नगर प्रमुख
कोहलपुर नगरपालिका, बाँके

**प्रमाणिकरण मिति :- २०७८/०४/०३**

**आज्ञाले**
टोपेन्द्र बहादुर के.सी.
(प्रमुख प्रशासकीय अधिकृत)